**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

★ वर्ष : २८ ★ अङ्क : ६७ ★ ने. सं. ११४६ चौला थ्व, त्रयोदशी ★ मङ्गलबार ★ १७ चैत, २०८२ ★ March 31, 2026, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

**Teachers Wanted**

| S.N. | Position | Level | No. | Time | Quali. |
|---|---|---|---|---|---|
| 1. | Grade Teacher | Pre-Primary | 2 | Full Timer | B.A./B.Ed. or Running |
| 2. | Science/ English | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 3. | Health/ Computer/LC | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 4. | Nurse | ****** | 1 | Part Time | PCL Nursing |
| 5. | आया दिदी | ****** | 2 | Full Timer | सामान्य लेखपढ |

Experienced & dedicated teachers are encouraged to apply Self-handwritten application within 25 Chaitra -2082
(Starting Salary : 1.Pre/Primary: Rs.: 15000/-20000/- 2. L.Sec: Rs.: 20000/-25000/-)

**Sacred Heart Academy**
Suryavinayak, (Gapali)-4, Bkt 016615772/015902764/ 9841432048 sacredheartacademy73@ gmail.com

# इजरायली आक्रमणबाट इरानी विश्वविद्यालयहरूमा क्षति

तेहरान, १७ (एएफपी) । युद्धमा इरानसित हार्दै गएको संरा अमेरिका र इजरायलले सैनिक लक्ष्यभन्दा इरानका नागरिक पूर्वाधारमाथिको हमलालाई तीव्र बनाएका छन् । अमेरिकी-इजरायली सेनाले नागरिक आवासदेखि विश्वविद्यालय, कलेज, विद्यालय, अस्पताल, खानेपानी आयोजना आदिलाई लक्ष्य गरी हवाई बम हमला गर्न थालेका छन् ।



यसै क्रममा इजरायली सेनाले सोमबार तेहरानस्थित इमाम हुसेन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन विभागमा बमबारी गरेको छ । त्यस्तै मार्च १४ का दिन शिराज विश्वविद्यालय र इस्फान प्राविधिक विश्वविद्यालयमाथि मिसाइल हमला गरिएको थियो ।

इरानको रेड क्रेसेन्ट सोसाइटीले जनाएअनुसार अमेरिकी -इजरायली आक्रमणमा इरानका ६ सयभन्दा बढी शैक्षिक संस्थामा क्षति पुगेको छ । आक्रमणको पहिलो दिन नै अमेरिकी -इजरायली सेनाले मिनावस्थित कन्या विद्यालयमा आक्रमण गरी १७५ जना बालिका र एक दर्जनभन्दा बढी शिक्षकको ज्यान लिएका थिए ।

इजरायली सेनाले भने इरानको रिभोलुसनरी गाड्र्सद्वारा सञ्चालित तेहरानमा रहेको विश्वविद्यालयमा आक्रमण गरेको दाबी गरेको छ ।

इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हालैका दिनहरूमा, आइआरजीसीको केन्द्रीय सैन्य पूर्वाधारस्थलहरूमध्ये एकमा हालै आक्रमण भएको छ । इमाम हुसेन विश्वविद्यालयको परिसरमा रहेको आइआरजीसीको प्राथमिक सैन्य शैक्षिक संस्थाले इरानको सैन्य निकायहरूको लागि आपत्कालीन उपकरणको आपूर्तिका लागि काम गर्दछ ।"

अमेरिकी-इजरायली आक्रमणमा दिवङ्गत भएका इरानका पूर्वसर्वोच्च नेता अली खामेनीसहित वरिष्ठ इरानी अधिकारीहरूले युद्धअघि उक्त विश्वविद्यालयको भ्रमण गर्ने गरेको दाबी पनि गरिएको छ ।

आइडीएफले इरानको विश्वविद्यालय, यसको रसायन विज्ञान केन्द्र र यसको मेकानिक्स र विकास समूहको टेक्नोलोजी र इन्जिनियरिङ केन्द्रको मुनिका सुरुङहरू नष्ट गरेको दाबी छ । सुरूङलाई सबै हतियार विकासको लागि प्रयोग गरिएको इजरायली सेनाले बताएको छ ।

इरानले इजरायली सेनाको दाबीलाई खण्डन गर्दै नागरिक र शैक्षिक पूर्वाधारमाथि गरिएको हमलाको निम्ति इजरायलले चर्को मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ ।

**इजरायली आक्रमणमा सैन्य कमान्डरको हत्या भएको इरानको पुष्टि**

यसैबिच इरानले इजरायली आक्रमणमा सैन्य कमान्डरको हत्या भएको पुष्टि गर्दै आक्रमण स्ट्रेट अफ हर्मुजको अवरोध हटाउनका लागि गरिएको बताएको छ ।

सेपाह न्यूजको वेबसाइटमा गत हप्ता भएको आक्रमणमा परी सैन्य कमान्डर अलिरेजा ताङ्सिरी गम्भीर घाइते भएको र हाल उपचारको क्रममा मृत्यु भएको जनाइएको छ ।

हाल इरानले प्रमुख जलमार्गमा नाकाबन्दी लगाएको छ भने नाकाबन्दीले विश्वव्यापी ऊर्जाको मूल्य बढाएको छ । तटीय सुरक्षाका लागि तैनाथी अवस्थामा सैन्य कमान्डरको मृत्यु भएको जनाइएको छ । उहाँ युद्धमा मारिनेमध्ये पछिल्लो

*बाँकी पृष्ठ २ मा*

# विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्नु आवश्यक

काठमाडौं, १६ चैत । शासक र उच्चपदस्थ व्यक्तिहरूले पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाएकोमा सायद कसैको दुईमत हुँदैन । पदको दुरूपयोग गरी कमाइएको अकुत सम्पत्ति छानबिन गर्न र दोषी ठहरिएमा कारबाही गर्न सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन गरेको हो । अनुसन्धान विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को सहयोगमा तीन पूर्वप्रधानमन्त्रीसहित केही व्यक्तिविरूद्ध थप अनुसन्धान अघि बढाएको खबर विभिन्न सञ्चारमाध्यममा छापियो । चैत १६ गतेको विभिन्न समाचारपत्रमा 'पूर्व ६ प्रधानमन्त्रीसहित २३ उच्चपदस्थविरूद्ध पक्राउ पुर्जी जारी हुँदै', 'पूर्वप्रधानमन्त्री देउवा, ओली र दाहालविरूद्ध सम्पत्ति शुद्धीकरणको अनुसन्धान तीव्रता', 'देउवा, ओली र प्रचण्डको सम्पत्ति छानबिनमा', 'सम्पत्ति छानबिनको क्षेत्रमा ४ पूर्वप्रमसहित १० हजार जना' जस्ता शीर्षकका समाचारहरू छापिए । सम्पत्ति शुद्धीकरणको अनुसन्धान प्रक्रिया अघि बढाउन सरकारले कुन कुन प्रधानमन्त्री आ-आफ्नो पालामा के-कस्ता प्रकरणमा फसे, सोको अनुसन्धान गरिरहेको जनाएको छ ।

अनुसन्धानले को को दोषी हुने हुन् र निर्दोष हुने हुन् ? त्यो समयले देखाउने छ । अध्ययन अनुसन्धान गर्नु गलत काम होइन । अनुसन्धानले दोषी देखेमा तिनीहरू सजायभागी पनि हुनुपर्छ । तर, सत्तापक्षले सत्तामा नरहेको बेला या अरू दल कमजोर भएको बेला पेल्नुपर्छ, पेलेरै दुःख दिनुपर्छ भनेर प्रतिशोधको भावनाले काम गर्‍यो भने विगतको सरकारझैं यो सरकारको पनि बदनाम हुनेछ । प्रम, मन्त्री, शासक, सांसद, उच्चपदस्थ कर्मचारी, जनप्रतिनिधि या त्यस्तै अन्य व्यक्तिहरू इमानदार, निःस्वार्थी नभएसम्म थोरै या धेरै भ्रष्टाचार, अनियमितता र

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्र कुनो**




# तीनमहिने आधारभूत कम्प्युटर तालिमको अभिमुखीकरण कार्यक्रम




भक्तपुर, १६ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा हुने तीनमहिने आधारभूत कम्प्युटर तालिमको अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कुनै पनि क्षेत्रमा रोजगारीको निम्ति चाहिने अत्यावश्यक सीपमध्ये कम्प्युटर भएको उल्लेख गर्दै अहिलेको युगमा कम्प्युटरको जानकारीविना कुनै पनि उपलब्धि हासिल गर्न कठिन हुने भएकोले नगरपालिकाले कम्प्युटर तालिम सञ्चालनलाई निरन्तरता दिइरहेको बताउनुभयो ।

तालिमलाई औपचारिकतामा मात्र सीमित नराखी सिकेको सीपलाई व्यवहारमा प्रयोग गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

"जीवनमा सोचेअनुसार सबै पूरा नहुने, जीवनको मोडमा हरेक समस्या आइपर्न सक्ने भएकोले समस्यासँग जुधी अगाडि बढ्नेले मात्र सफलता हासिल गर्नसक्छ", प्रमुख प्रजापतिले भन्नुभयो ।

अरूसँग तुलना नगरी म सक्छु भन्ने आत्मविश्वासका साथ अघि बढ्न र सधैँ सकारात्मक सोच राख्न उहाँले प्रशिक्षार्थीहरूलाई सुझाव दिनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य रत्नसुन्दर लासिवाले ज्ञानको दायरा फराकिलो बनाउने माध्यम नै तालिम भएको बताउनुभयो ।

प्रशिक्षक ई. रमेश प्रजापतिले तालिमबारे सङ्क्षेपमा जानकारी गराउँदै तालिममा नियमितरूपमा उपस्थित हुन सकेमात्र राम्ररी सिक्न सकिने बताउनुभयो ।





**निर्माणाधीन सङ्घीय संसद् भवन**
सिंहदरबार परिसरभित्र निर्माणाधीन सङ्घीय संसद् भवन । *तस्विर: किरणराज विष्ट/रासस*

# कार्यसम्पादन सूचक ४५ दिनभित्र तयार गरिने

काठमाडौँ, १५ चैत । सरकारले कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्यविवरणको वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्नुपर्ने निर्देशन जारी गरेको छ ।

सरकारले कार्यसम्पादन मूल्याङ्कन कमजोर हुँदा राम्रो र खराब कार्यसम्पादनलाई समान व्यवहार गर्ने प्रवृत्ति हटाउन ९० दिनभित्र कार्यसम्पादनमा आबद्ध उत्तरदायित्व र पुनरावलोकन प्रणाली लागू गरिने जनाएको छ । सरकारले शासकीय सुधारका लागि शुक्रबार एक सय कार्यसूची सार्वजनिक गरेको थियो ।

कार्यसूचीका अनुसार सार्वजनिक निकायको सेवाको गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था गरी उत्कृष्ट निकायलाई प्रोत्साहित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड ४५ दिनभित्र तयार गर्नुपर्नेछ ।

त्यस्तै सरकारले मन्त्रालयहरूको सङ्ख्या आवश्यकताभन्दा ठुलो भई चालु खर्च बढेको समस्यालाई समाधान गर्न ३० दिनभित्र मन्त्रालयको सङ्ख्या घटाउने निर्णय गरेको छ । त्यसका लागि मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गरी सङ्घीय मन्त्रालयको सङ्ख्या १७ कायम गरिनेछ ।

मन्त्रालयहरूको सङ्ख्या पुनरावलोकन गर्ने सन्दर्भमा हाल कायम रहेका दरबन्दीसमेत व्यवस्थापन गर्नुपर्ने भएमा सेवा प्रवाहलाई असर नपर्ने गरी बढुवा व्यवस्थापन गर्नुपर्ने कार्यसूचीमा उल्लेख छ । सबै सार्वजनिक निकायले सेवा प्रवाहमा विद्यमान दोहोरोपन, जटिलता तथा अनावश्यक प्रक्रियाका कारण सेवा प्रवाह ढिलो, खर्चिलो र अप्रभावकारी भएको अवस्थालाई अन्त्य गर्न आवश्यक कानुन संशोधनका लागि मस्यौदा बनाउने प्रक्रिया अघि बढाउनुपर्नेछ ।

नेपाल सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुन:संरचना गरिनेछ । त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको एक उच्चस्तरीय कार्यदल गठन गर्ने तथा सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ ।

कार्यसूची अनुसार सार्वजनिक प्रशासनलाई पूर्णत: राजनीतिक हस्तक्षेपबाटमुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाइनेछ । विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिता अक्षरश: कार्यान्वयन गरिनेछ ।

यसैगरी सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड १५ दिनभित्र तर्जुमा गरी स्वीकृत गरिनेछ । शिक्षकको सिटरोल दर्ता तथा अवकाश पश्चातका सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै गर्ने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

सरकारी कार्यालयको भौतिक पूर्वाधार र स्तरीकृत विन्यासका लागि सहरी विकास मन्त्रालयले दुई महिनाभित्र न्यूनतम मापदण्ड तर्जुमा गरी १०० दिनभित्र कार्यान्वयनमा लैजाने बताइएको छ । नागरिकलाई सरकारी सेवा लिन धेरै कार्यालय धाउनुपर्ने, प्रक्रियागत झन्झट व्यहोर्नुपर्ने तथा समय र लागत दुवै बढ्ने अवस्थाको अन्त्य गर्न प्रमुख सहरमा 'एजेन्सिफिकेसन मोडालिटी'मा नागरिक सेवा केन्द्र सञ्चालन गरिने र त्यस्ता केन्द्रहरूलाई दैनिक कम्तीमा १२ घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाइने भएको छ ।

नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त सेवा उपलब्ध गराउन नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सम्पूर्ण सेवाहरूलाई डिजिटल तथा एकीकृत प्रणालीमार्फत सञ्चालन गरिनेछ । नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न २४ घण्टे राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिने कार्यसूचीमा उल्लेख गरिएको छ । सोका लागि फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने बहु-च्यानलको व्यवस्था मिलाइनेछ ।

सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्मेन्ट कुरियर सर्भिस' का रूपमा विकास गरिने सरकारको योजना छ । त्यसमार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायतका सरकारी कागजात/सामग्री घरमै पुर्‍याउने व्यवस्था १०० दिनभित्र लागू गरिनेछ । ***(रासस)***

# वीर अस्पतालमा महिलालाई नि:शुल्क क्यान्सर परीक्षण सुरु

काठमाडौँ, १६ चैत । सोमबार देखि वीर अस्पतालमा महिलालाई नि:शुल्क रूपमा क्यान्सर परीक्षण सुरू गरिएको छ ।

काठमाडौँ महानगरपालिकाले अस्पतालसँगको सहकार्यमा सोमबार अस्पतालमा आयोजित कार्यक्रममा महिलाहरूको स्तन, पाठेघर तथा सर्भिकल क्यान्सरको परीक्षण सुरू गरिएको हो ।

क्यान्सर परीक्षण आगामी वैशाख २० गतेसम्म सञ्चालन हुने जनाइएको छ । परीक्षण शुभारम्भमा महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले क्यान्सर रोग समयमा पत्ता लगाउन सके जीवन बाँच्न सक्ने बताउनुभयो ।

महानगरका स्वास्थ्य विभाग प्रमुख दीपक केसीले देशभरिका जोसुकै महिलाले अस्पतालमा गएर क्यान्सर परीक्षण गराउन सक्ने बताउनुभयो । उहाँका अनुसार क्यान्सर परीक्षणका लागि महानगरका ३२ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट प्रेषण (रिफर) पुर्जी लिएर अस्पतालमा गएर क्यान्सर परीक्षण गराउन सकिनेछ । महिलाको क्यान्सर परीक्षणका लागि महानगरले अस्पताललाई एक करोड ५० लाख रूपैयाँ उपलब्ध गराएको छ ।

***विदेशमा...***

कालाबजारी भइरहन्छ या उनीहरूले पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउने बाटो छोड्दैनन् । अहिले पनि मन्त्री, नेता र ठुलाठुला व्यापारीहरूको विदेशी बैङ्कमा पैसा जम्मा गरेको खबर सञ्चारमाध्यममा आइरहेको छ । सञ्चारमाध्यममा आएको सो खबर कति सत्य या गलत हो ? त्यसको पनि लेखाजोखा हुनुपर्छ ।

सरकारले सम्पत्तिको सीमा तोक्नुपर्छ; विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्नुपर्छ । कसैले विदेशमा सम्पत्ति राखेको छ भने कूटनीतिक उपायबाट कसको कहाँ कति विदेशी बैङ्कमा पैसा जम्मा गरेको हो, त्यसको पनि लेखाजोखा हुनुपर्छ । विदेशमा पैसा राखेको हो भने त्यो जफत हुनुपर्छ र नेपालमै उद्योगधन्दा खोल्न या विकास गर्न लगानी गर्नुपर्छ । कुन कुन नेताको घरमा के कति पैसा जलेको हो ? त्यो पनि सार्वजनिक हुनुपर्छ । बिनाकुनै आधार या शङ्काको आधारमा कसैलाई दु:ख दिने नियतले मुद्दा राख्ने, पक्राउ गर्ने काम गर्नु मनासिब हुँदैन । बिनाआधार कसैलाई पक्राउ गर्दा, थुन्दा सरकारको नेतृत्व गर्ने दलका नेताहरूकै विरोध हुन्छ ।

विपक्षमा रहेका दलका नेताहरूलाई दु:ख दिएर सत्तासीन दलका नेताहरूले सन्तोषको सास फेर्ने होइन; कारबाहीको प्रक्रिया अघि बढायौँ भनेर नाक फुलाउने होइन । गुरूङहरू एकोहोरो हुन्छन्; दायाँ बायाँ हुँदैनन्; कारबाहीको प्रक्रिया अघि बढ्छ भनेर हचुवाको भरमा कारबाहीको प्रक्रिया अघि बढाउँदा त्यो सफल हुनेछैन । यसले उल्टो सरकारकै बदनाम हुन्छ । एकातिर आरोप लगाउने, पुस्टि नहुने र अर्कोतिर एउटै मुद्दा वर्षौँ वर्षसम्म झुन्डिरहने समस्या नेपालको न्यायालयमा देखिएको छ । वर्षौंवर्षसम्म मुद्दा चलाएर पछि मुद्दाको प्रक्रिया अघि नबढाई थन्काउने समस्या पनि यहाँ देखिएको छ । मुद्दाको फैसला नगरिकन मुद्दाको समय लम्ब्याउने काम न्याय सम्पादनको हिसाबले कति उचित या अनुचित ? त्यो पनि जनतामाझ चर्चाको विषय बनेको छ ।

# राष्ट्रपतिले आह्वान गरे दुवै सदनको अधिवेशन

काठमाडौँ, १६ चैत । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय संसद्को दुवै अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

राष्ट्रपतिले चैत १९ गते बिहीबार अपराह्न २ बजेको लागि दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको हो ।

सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संविधान संशोधन बहसपत्र तयार गर्नको लागि प्रधानमन्त्री बालेन्द्र साहका राजनीतिक सल्लाहकारको अध्यक्षतामा कार्यदल गठन गर्ने निर्णय गरिएको जानकारी दिनुभयो ।

"संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको प्रतिनिधित्वसहित कार्यदल गठन गर्ने निर्णय भएको छ । राष्ट्रिय सहमतिमा संशोधन बहसपत्र तयार हुन्छ", मन्त्री पोखरेलले भन्नुभयो ।

# कृषि सामग्री कार्यालय जनकपुरधामद्वारा ४३ करोडको रासायनिक मल बिक्री

जनकपुरधाम, १६ चैत । नेपाल सरकारको स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय जनकपुरधामले चालू आर्थिक वर्षको आठ महिनामा रु. ४३ करोड ३८ लाख ८७ हजार २५४ बराबरको रासायनिक मल बिक्री वितरण गरेको छ ।

सो कार्यालयले सो अवधिमा रु. १३ करोड ८७ लाख ६७ हजार ५८० बराबरको आठ हजार १५८ मेट्रिकटन युरिया, रु. २९ करोड ७९ लाख सात हजार मूल्य बराबरको छ हजार ३२० मेट्रिकटन डिएपी तथा रु. ४३ लाख २२ हजार ६७१ बरारको १८८ मेट्रिकटन पोटास बिक्री गरेको कार्यालय प्रमुख वेचनकुमार साहले जानकारी दिनुभयो ।

धनुषा तथा महोतरी जिल्ला गरी दुई जिल्लामा सो कार्यालयले किसानलाई सम्बन्धित पालिकाको सिफारिसमा रासायनिक मल वितरण गर्दै आएको छ । उक्त दुवै जिल्लाका २७ पालिकाहरूमा २१२ वटा आधिकारिक डिलरमार्फत उक्त रासायनिक मल बिक्री गर्दै आएको छ । हाल कार्यालयको गोदाममा एक हजार १९२ मेट्रिकटन युरिया, ८३८ मेटिकटन डिएपी मल तथा ३६१ मेट्रिकटन पोटास मौज्जदात रहेको कार्यालयद्वारा जारी तथ्याङ्कमा जनाइएको छ ।

हालको सिजनका लागि आवश्यक पर्ने रासायनिक मल गोदाममा मौज्जदात रहेको उहाँले भन्नुभयो । उहाँले पालिकाका किसानका लागि छुट्याइएको रासायनिक मल सम्बन्धित निकायले लिन नआएको प्रमुख साहको भनाइ छ । गत आर्थिक वर्षमा सो कार्यालयले रु. ३५ करोड मूल्य बराबरको रासायनिक मल बिक्री वितरण गरेको थियो । धनुषा तथा महोतरीका सीमा क्षेत्रका किसानले भारतीय सीमाबाट रासायनिक मल खरीद गरी ल्याउने गरेको छ । ***(रासस)***

# काभ्रेमा 'बर्डफ्लु' को जोखिम हुन नदिन उच्च सतर्कता

काभ्रेपलाञ्चोक, १६ चैत । बर्डफ्लु रोगको सङ्क्रमणको जोखिम हुन नदिन काभ्रे र सिन्धुपाल्चोकमा उच्च सतर्कता अपनाइने भएको छ । यसबारे सरोकारवालाले छलफल गरी परीक्षण तथा निगरानी बढाउन प्रशासनलाई सुझाव दिँदै दुई जिल्लामा बर्डफ्लु भित्रने सम्भावना न्यून रहने बताएका छन् ।

जिल्ला पशुसेवा कार्यालय धुलिखेलले काभ्रे र सिन्धुपाल्चोकमा बर्डफ्लु सङ्क्रमण भित्रन नदिन उच्च सतर्कता अपनाउने निर्णयसमेत गरेको छ । देशका केही स्थानमा पालिएका कुखुरामा बर्डफ्लु सङ्क्रमण देखिएपछि यी जिल्लामा पनि जोखिम हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै सुरक्षाका उपाय कडा पार्न लागिएको हो ।

यस्तै कार्यालयले दुई जिल्लास्थित सीमानाकामा निगरानी कडा बनाउने र कुखुरा तथा अन्य पन्छी पालिने फार्महरूको नियमित निरीक्षण गर्ने निर्णय गरिएको छ । विशेषगरी तराई क्षेत्रबाट काभ्रेपलाञ्चोक प्रवेश गर्ने मुख्य नाका मङ्गलटारमा कडाइका साथ जाँच गरिनेछ । साथै राजधानीको पूर्वीनाका साँगा तथा नालालगायत काठमाडौँ उपत्यकाबाट काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जाने नाकाहरूमा पनि निगरानी बढाइने छ । यससँगै बर्डफ्लु रोगको जोखिम र त्यसका असरबारे चेतनामूलक एवं प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले मङ्गलटार नाकामा प्राविधिक जनशक्ति थपेर परीक्षणलाई कडाइका साथ लागू गरिने बताउनुभयो । उहाँका अनुसार पूर्वी क्षेत्रबाट आउने कुखुराको नमुना तत्काल परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । पशु कार्यालय प्रमुख बज्रकिशोर ठाकुरले बर्डफ्लु रोग प्रवेश हुन नदिन कार्यालयले अन्य निकायसँग पनि समन्वय गरी आवश्यक तयारी गरिरहेको बताउनुभयो । ***(रासस)***

***इजरायली...***

शीर्ष इरानी अधिकारी भएको तेहरानले पुष्टि गरेको छ ।

यसअघि सर्वोच्च नेता अली खामेनी फेब्रुअरी- २८ मा युद्धको पहिलो दिन र शक्तिशाली सुरक्षा प्रमुख अली लारिजानी यस महिनाको सुरुमा एक दर्जनभन्दा बढी प्रमुख व्यक्तित्वहरूसहित मारिएका थिए ।

ताङ्सिरीले मार्चको सुरुमा हर्मुज बन्द गर्ने रणनीति कायम राख्दै आक्रमणकारी शत्रुलाई कडा प्रहार गर्ने प्रतिबद्धता गरेको जनाइएको छ ।

उहाँलाई खामेनीले सन् २०१८ मा सेना नेतृत्व गर्न नियुक्त गर्नुभएको थियो जसको कार्य इरानलाई आन्तरिक वा बाह्य खतराहरूबाट जोगाउनु हो ।

## सङ्क्षिप्त समाचार

# कर्णाली प्रदेशसभाको सातौँ अधिवेशन अन्त्य

कर्णाली, १६ चैत । कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौँ अधिवेशन अन्त्य भएको छ । कर्णाली प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख यज्ञराज जोशीले आइतबार राति १२:०० बजेबाट अधिवेशन अन्त्य गर्नुभएको जानकारी सभामुख नन्दा गुरुङले दिनुभयो ।

सभामुख गुरुङले सातौँ अधिवेशनमा सम्पादन गरेका प्रमुख कार्यहरू मध्ये कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा व्यवस्था गर्न विधेयक र केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक पारित भएको बताउनुभयो । त्यस्तै, कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभामा टेबुल र कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने सम्बन्धमा तयार पारिएको छ बुँदे सङ्कल्पपत्र समेत सभामा प्रस्तुत गरिएको उहाँले बताउनुभयो । सभामुख गुरुङका अनुसार सातौँ अधिवेशनअन्तर्गत पहिलो बैठक गत माघ १८ गतेदेखि यही चैत १५ गतेसम्म गरी दश वटा बैठक बसेको र त्यसमा १३ घण्टा ४२ मिनेट ब्यतित भएको छ । ***(रासस)***

# जिम्मेवार पत्रकारिता गर्नुपर्ने

काठमाडौँ, १६ चैत । नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ । सही सूचना पाउने जनताको अधिकार सुनिश्चित गर्नु पत्रकारको कर्तव्य भएको उहाँको भनाइ छ । नेपाल पत्रकार महासङ्घको ७१औँ स्थापना दिवसको अवसरमा अध्यक्ष शर्माले शुभकामना व्यक्त गर्दै जिम्मेवार पत्रकारितामार्फत समाजले अपेक्षा गरेको भूमिका निर्वाह गर्न अपिल गर्नुभएको हो ।

अध्यक्ष शर्माका अनुसार पछिल्लो समय सूचना प्रविधिको विकाससँगै बढिरहेको सामाजिक सञ्जालको प्रयोगले मिथ्या सूचनाको प्रवाह पनि बढ्दो छ । त्यस्ता मिथ्या सूचनाहरूको प्रभाव कम गर्नका लागि पनि पत्रकारिता क्षेत्रले निष्पक्ष भूमिका निर्वाह गर्न आवश्यक छ । ***(रासस)***

# लुम्बिनी प्रदेशसभा सदस्य शर्मा पक्राउ

काठमाडौँ, १६ चैत । लुम्बिनी प्रदेशसभा सदस्य रेखा शर्मालाई प्रहरीले पक्राउ गरेको छ । सांसद शर्माका श्रीमान चिन्तामणि शर्माले रेखा पक्राउ परेको पुष्टि गर्नुभयो । काठमाडौँ उपत्यका अपराध अनुसन्धानको टोलीले उहाँलाई आइतबार राती करिब ११ बजे पक्राउ गरेको जनाइएको छ ।

धुम्बराहीस्थित घरबाटै उहाँलाई प्रहरीले पक्राउ गरी लिएर गएको श्रीमान चिन्तामणिले जानकारी दिनुभयो । उहाँमाथि एक बालिकालाई घरमा राखेर बालश्रम गराएको आरोप लागेको छ । ***(रासस)***

# पत्रकार महासङ्घको स्थापना दिवसमा ६ पत्रकार पुरस्कृत

दमौली (तनहुँ), १६ चैत । नेपाल पत्रकार महासङ्घको ७१औँ स्थापना दिवसका अवसरमा तनहुँमा ६ पत्रकार पुरस्कृत भएका छन् । नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले आज दमौलीमा आयोजना गरेको कार्यक्रममा उहाँहरूलाई पुरस्कृत गरिएको हो । रणबहादुर गुरुङद्वारा स्थापित सुरज गुरुङ स्मृति पत्रकारिता पुरस्कारबाट उज्वल पौडेल, मुक्तिनाथ खनालद्वारा स्थापित भवानी खनाल स्मृति पत्रकारिता पुरस्कारबाट नारायण खड्का, प्रदीप काफ्लेद्वारा स्थापित पुरुषोत्तम काफ्ले स्मृति पत्रकारिता पुरस्कारबाट श्रीहरि पौडेल, उत्तम र सुमन भट्टराईद्वारा स्थापित हरिभक्त भट्टराई स्मृति पत्रकारिता पुरस्कारबाट राजकुमार श्रेष्ठ विवि, वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेद्वारा स्थापित चिरञ्जीवी हरिमाया स्मृति पत्रकारिता पुरस्कारबाट मिला दरै तथा भाग्यशाली ढुङ्गानाद्वारा स्थापित टीकानीधि ढुङ्गाना स्मृति व्यास पराशर पत्रकारिता पुरस्कारबाट ओमकार आचार्यलाई पुरस्कृत गरिएको छ ।

महासङ्घले न्याय, सहकारी, धार्मिक, सांस्कृतिक तथा पर्यटनलगायतका क्षेत्रमा कलम चलाउने पत्रकारलाई पुरस्कृत गर्दै आएको छ । सुरज गुरुङ पत्रकारिता पुरस्कारको राशि रु. पाँच हजार तथा अन्य पुरस्कारको राशि जनही रु. १० हजार रहेको छ । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी, शाखाका अध्यक्ष डिपी अधिकारीलगायतले उहाँहरूलाई पुरस्कृत गर्नुभयो । ***(रासस)***

# कृषि विषयको अनुसन्धानार्थ पाँच लाख सहयोग

कर्णाली, १६ चैत । कर्णाली प्रदेश सरकारले कृषि विषयको अनुसन्धानमा सहयोग पुर्‍याउनका लागि रु. पाँच लाख उपलब्ध गराएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालय, सुर्खेतले चालु आर्थिक वर्ष २०८२/८३ मा मध्यपश्चिम विश्वविद्यालयको कृषि क्याम्पस सुर्खेतसँगको सहकार्यमा प्राविधिक परिचालनसहित प्रविधि प्रसार कार्यक्रमअन्तर्गत उक्त सहयोग गरिएको निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायले जानकारी दिनुभयो ।

"कृषि विषयको अनुसन्धान र विद्यार्थीको क्षमता अभिवृद्धि गराउने ध्येयले उक्त बजेट उपलब्ध गराएको हो," उहाँले भन्नुभयो, "यसबाट कृषि क्षेत्रको जनशक्ति निर्माणमा सहयोगको अपेक्षा गरेका छौँ ।" नेपाल जस्तो कृषिको सम्भाव्य मुलुकमा पछिल्लो समयमा कृषि अध्ययन गर्ने जनशक्तिको अभाव र आवश्यकतालाई मनन् गरी प्रदेश सरकारले प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएको उहाँले बताउनुभयो ।

निर्देशक रोकायका अनुसार निर्देशनालयले कृषि क्याम्पससँग सम्झौता गरेर चालु आर्थिक वर्षमा पाँच विद्यार्थीलाई अध्ययनको व्यवस्था गरेको छ । अध्ययनमा सहभागी सुर्खेतका दुई तथा डोल्पा, मुगु र तनहुँका एक/एक विद्यार्थी रहेका निर्देशनालयले जनाएको छ । ***(रासस)***




**बाँदरपीडित किसानको विरोध**

बाँदर नियन्त्रणको माग गर्दै खोटाङका किसानले सोमबार दिक्तेल बजारमा निकालेको विरोध र्‍यालीमा सहभागी । बाँदरको समस्या हल गर्न हलो, जुवा, दाँते र कोदालोसहित प्रदर्शन गर्दै किसानले सरकारसँग प्रभावकारी समाधानको माग गरेका छन् । *तस्बिरः केदार मगर/रासस*

# गतलाङ क्षेत्रमा 'ड्रोन' बाट वनस्पतिका बीउ छरिँदै

रसुवा, १६ चैत । डडेलोका कारण उजाड बनेको यहाँको गतलाङस्थित वन क्षेत्रलाई पुनः हरियाली बनाइने भएको छ । यसका लागि डिभिजन वन कार्यालयले 'ड्रोन'मार्फत वनस्पतिका बीउ छर्ने भएको छ ।

विसं २०६५मा गतलाङ क्षेत्रको वन भीषण आगलागीको चपेटामा परेको थियो । आगोको चपेटाबाट सल्ला, लालीगुराँस, धुपी, खसुलगायत हजारौँ वनस्पति जलेर नष्ट भएको थियो ।

डिभिजन वन कार्यालयका प्रमुख शम्भु तामाङले भौगोलिक असहजका भएपछि डडेलोका कारण उजाड बनेका गतलाङका वन क्षेत्रमा ड्रोनबाट वनस्पतिका बीउ छर्न लागिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"स्थानीय हावापानी सुहाउँदा वनस्पतिका बीउ सङ्कलन अहिले तीव्र रूपमा भइरहेको छ । आगामी जेठको अन्तिम सातादेखि ड्रोन प्रयोग गरी बीउ छर्ने कार्य सुरु गरिने छ । " यसका लागि 'इसिमोड', वन विज्ञान अध्ययन संस्थान तथा डिभिजन वन कार्यालयबिचको त्रिपक्षीय साझेदारीसमेत भएको छ ।

डढेलोले प्रभावित चार सय ५५ हेक्टर क्षेत्रमध्ये पहिलो चरणमा एक सय हेक्टर जमिनमा बीउ छर्ने तालिका तय गरिएको छ । गतलाङ जङ्गलमा रहेका करिब १६ हजार गोब्रे सल्ला, ठिउरे सल्ला, लालीगुराँस तथा अन्य बहुमूल्य प्रजातिका रुख आगलागीबाट नष्ट भएको जनाइएको छ ।

आर्थिक वर्ष २०७९/८० देखि व्यवस्थापन कार्य सुरु भए पनि डढेका रुखको उचित व्यवस्थापन गर्न नसक्दा जङ्गल लामो समयसम्म पुनर्जीवन पाउन नसकेको बताइएको छ । वन पुनःस्थापनाअन्तर्गत हालसम्म ३० हजारभन्दा बढी सल्लाका बिरुवा रोपिसकिएको छ । तीमध्ये करिब २५ हजार बिरुवा रसुवागढी जलविद्युत् आयोजनाले उपलब्ध गराएको वन कार्यालयले जनाएको छ ।

जिल्ला वन कार्यालयको कार्यक्षेत्र समयक्रमसँगै परिवर्तन हुँदै आएको छ । विसं २०५६ सालमा लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा धेरै आधार इलाका रूपान्तरण भएपछि वन कार्यालयको कार्यक्षेत्र घटेर अहिले आठ हजार ३२१ हेक्टरमा सीमित भएको छ ।

हाल आमाछोदिङ्मो गाउँपालिकाको पाँचवटा वडा, गोसाइँकुण्ड गाउँपालिकाको वडा नं १ तथा उत्तरगया गाउँपालिकाका वडा नं १, २ र ३ समेत नौवटा वडा छन् । हाल गठित ६८ वटा सामुदायिक वन यसअन्तर्गत संरक्षणको काम अगाडि बढिरहेको छ ।

वन कार्यालयले डढेलो नियन्त्रणका चेतनामूलक कार्यक्रमलाई पनि प्राथमिकता दिएको छ । जिल्लाको भिरालो भूगोल, चैतवैशाखको हुरीबतास र दुर्गम वनक्षेत्रका कारण आगलागी नियन्त्रण चुनौतीपूर्ण बन्ने छ ।

त्रिशूली नदीपारिको पश्चिमी रसुवामा रहेको यो वनक्षेत्र मालागढीदेखि अधेरी खोलासम्म फैलिएको छ । थुमन, तातोपानी, चिलिमे, गोल्जुङ, गतलाङ, हाकु, नेशिङ, करुम्राङ, कटुन्जे, डाँडागाउँलगायत गाउँ वनसँग प्रत्यक्ष रूपमा जोडिएको वन प्राविधिकहरूले जनाएका छन् । ***(रासस)***

# अझै सुरु भएन सुक्खा बन्दरगाह निर्माणको काम

जलेश्वर (महोत्तरी), १६ चैत । सदरमुकाम जलेश्वर नगरपालिका-१ मा किरानापसल सञ्चालन गर्दैआउनुभएका सरोज साह चार वर्षअघि आफ्नै जिल्लाको मूलभन्सार कार्यालयमा सुक्खा बन्दरगाह निर्माण हुने भएपछि हौसिनुभएको थियो । ठुलो परिमाणमा भारत तथा तेस्रो मुलकसँग व्यापार व्यवसाय गर्नका लागि आवश्यक सुविधा तथा व्यवस्था ''सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी आफ्नै जिल्लाको मूल भन्सारमा उपलब्ध हुने भन्दै उहाँ खुसी हुनुभएको हो । तर अहिलेसम्म पनि सो कार्यको सुरुआत नहुँदा साह निराश हुनुहुन्छ ।

जलेश्वर-३ स्थित मलिवाडामा चार वर्ष अघि नै सुक्खा बन्दरगाह निर्माण हुने भनिएको थियो । तर अझै सो कार्यको सुरुआत भएको छैन । नेपालको उत्तरी तथा दक्षिणी दुवै छिमेकी राष्ट्रबाट हुने अन्तरदेशीय तथा तेस्रो मुलुकबाट हुने व्यापारका लागि जलेश्वर-३ मलिवाडास्थित मुख्यभन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण प्रक्रिया सुरु हुन सकेको छैन् ।

आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारको नीति तथा कार्यक्रममा सन् २०२७ सम्म योजना सम्पन्न गर्ने लक्ष्यसहित जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह सञ्चालन गर्ने योजना ल्याइएको थियो । तर त्यस निर्माण कार्यको प्रक्रिया अझै अघि बढ्न नसक्दा महोत्तरीसहित यस भन्सारबाट नजिक रहेका अन्य जिल्लाका व्यवसायी पनि दुःखी एवं निराश भएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो । उहाँका अनुसार छिमेकी राष्ट्र भारतको बिहार राज्यको सीतामढी जिल्लाको भिठ्ठामोड सहरमा भारतीय पक्षले जग्गा अधिग्रहण गरी पर्खाल र केही भौतिक संरचना पनि निर्माण गरिसकेको छ । तर, नेपालतिर अहिले पनि सो निर्माण प्रक्रिया सर्वेक्षणमै सीमित रहेकोप्रति चिन्ताव्यक्त गर्नुभयो ।

जलेश्वर भन्सार नाकामा सुक्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माण अलपत्र परेको विषय महोत्तरीमा प्रत्येक निर्वाचनको बेला सबै उम्मेदवारको साझा मुद्दासमेत बन्ने गरेको छ । जलेश्वर- ३ मलिवाडामा सुक्खा बन्दरगाह निर्माणका लागि ६५ बिघा जग्गा उपलब्ध गराउने प्रयास भएको छ । यसका लागि इन्टर मोडेल यातायात विकास समितिले गत साउनमै तयार पारेको सर्वे रिपोर्ट उद्योग मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पुगको बताइएको छ ।

जलेश्वर भन्सार महोत्तरी र धनुषाको प्रमुख नाकासमेत भएकाले व्यापारीले तेस्रो मुलुकसँगको व्यापार पनि यसै भन्सारबाट हुनुपर्ने माग गर्दैआएका छन् । भारतको राजधानी नयाँदिल्ली र व्यापारिक सहर कोलकाता यहाँबाट नजिक भएकाले जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण आवश्यक छ । जलेश्वर भन्सारमा सुक्खा बन्दरगाह निर्माण भई सञ्चालनमा आएपछि भारतसहित तेस्रो मुलुकसँगको आयात सहज हुने र यसै बन्दरगाहबाट यस क्षेत्र तथा पायक क्षेत्रको उत्पादन निर्यात गर्न पनि सरल एवं सहज हुने व्यापारी बताउँछन् । ***(रासस)***

# बर्ड फ्लुको जोखिम देखिएपछि भारतीय सीमामा उच्च सर्तकता

नेपालगञ्ज, १६ चैत । खुला सीमा रहेको बाँकेको नेपालगञ्जलगायत स्थानमा बर्ड फ्लूको जोखिम देखिएपछि यहाँ उच्च सतर्कता अपनाइएको छ ।

जिल्लासँग जोडिएका नाकाबाट अवैध रूपमा भारतबाट ल्याउन लागिएका चल्ला दैनिकजसो नष्ट गरिएको पशु क्वारेन्टाइन कार्यालय, बाँकेका प्रमुख डा. हरेराम यादवले जानकारी दिनुभयो । उहाँले यस क्षेत्रमा बर्ड फ्लू नदेखिएको उल्लेख गर्दै कुखुराका चल्ला र सेतो अण्डा ल्याउन रोक लगाइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "खुला सीमा क्षेत्रका कुखुराका चल्ला र अण्डा ल्याउँछन् तर प्रहरी देखेपछि छाडेर भाग्छन् ।" सरकारले भारतबाट कुखुराका चल्ला वा सेतो अण्डा नेपाल ल्याउन प्रतिबन्ध लगाएको छ ।

डा. यादवले आन्तरिक ढुवानीमा कडाइ र निगरानी गरिएको जानकारी दिँदै कुखुराको आयात निर्यातमा कडाइ गरिएको बताउनुभयो । पशु क्वारेन्टाइन कार्यालयका अनुसार जिल्लामा करिब २० देखि २५ थान ब्रोइलर भारतीय कुखुरा दैनिक रूपमा नष्ट गरिएको छ ।

नियमित रूपमा कार्यालयबाट हुने जनचेतनामूलक कार्यक्रम भइरहेको डा. यादवको भनाइ छ ।

भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नेपालगञ्जका वरिष्ठ पशु विकास अधिकृत डा. गणेशबहादुर पुनले चल्ला आयातमा उच्च सर्तकता अपनाएको बताउनुभयो । जिल्लामा सुइया, बगौँडा, खडैँचा, जमूनाह नाकालगायत विभिन्न क्षेत्र खुला सीमा नाका रहेका छन् । ***(रासस)***

। सम्पादकीय ।

# आक्रामक नीतिको विरोधमा अमेरिकी जनताकै विरोध

अमेरिकी साम्राज्यवादी नीतिको विरोधमा विश्वका करोडौँ जनता मात्र होइन झन्डै एक करोड अमेरिकी जनता सडकमा उत्रे । संयुक्त राज्य अमेरिकाको सबैजसो राज्यमा भएको यो विरोध प्रदर्शन अहिलेसम्मकै अमेरिकी इतिहासमा सबभन्दा ठुलो मानिएको छ । यसअघि यस्तै विरोध प्रदर्शन र सभा अमेरिकाको सहयोग र समर्थनमा इजरायलले प्यालेस्टिनमाथि आक्रमण गर्दा भएको थियो । अमेरिकाको देशभर भएको विरोध प्रदर्शन अमेरिकी राष्ट्रपति ट्रम्पको मनपरी शासन र नीति, महँगी, आदिवासी जनजातिमाथिको विभेद आदि रहेको छ । अमेरिकी प्रशासनले अरू स्वाधीन र सार्वभौम देशमा आक्रमण गर्दै जनधनको क्षति गराएर हिंसा र अशान्ति मच्चाएको कारण राष्ट्रपति ट्रम्प प्रशासनको विरोध देशभरि भएको हो । राष्ट्रपति ट्रम्पको आक्रामक नीतिको कारण अमेरिकी जनता असुरक्षित हुने देखिएकोले पनि अमेरिकी जनता विरोध प्रदर्शनमा उत्रेका हुन् । देशभर भएको विरोध प्रदर्शनले राष्ट्रपति ट्रम्प देशबाट मात्र होइन विश्वबाटै एक्लिँदै गएको अनुभव गराएको छ ।

साम्राज्यवादी नीतिको विरोधमा अमेरिकी जनता उठ्नुपर्ने हो; अहिले उठेका छन्; यो सकारात्मक पक्ष हो । अमेरिकी जनताको उक्त विरोध प्रदर्शनलाई राष्ट्रपति ट्रम्पले सतही ढङ्गले हेरेर खिसी उडाएका छन् । अमेरिकी जनताले ट्रम्पको आक्रामक नीतिको विरोधमा प्रदर्शन र सभामात्र होइन पदच्युत गराउन दबाब दिनुपर्छ । अमेरिकी जनता र संसारका जनतासामु माफी मगाएर अमेरिकालाई आफ्नो कारण अरू देशमा भएको क्षतिको क्षतिपूर्ति तिराउनुपर्छ । अब कुनै पनि देशमा कहिले पनि आक्रमण नगर्ने वाचा गराउनुपर्छ; मुद्दा लगाएर आजीवन थुन्नुपर्छ । अमेरिकाको सहयोग र इसारामा इजरायलले इरानमा आक्रमण गरेर त्यहाँको राष्ट्रपतिको हत्या गर्ने, त्यहाँको आणविक भण्डार ध्वस्त बनाउने अमेरिकी योजनाको विरोधमात्र होइन राष्ट्रपति ट्रम्पलाई अमेरिकामा मात्र होइन अन्तर्राष्ट्रिय अदालतमा उभ्याउन मुद्दा चलाइनुपर्छ । अमेरिकी प्रशासनको इतिहास नै युद्धै युद्धबाट बितेको छ । लामो समयदेखिको अमेरिकी आक्रमण हेर्दा अमेरिकामा रहेका सबै हतियार र आणविक भण्डार केन्द्रमा हमला गरेर नष्ट गर्नुपर्ने देखिन्छ ।

अमेरिकाले जनवरी २०२६ मा भेनेजुयलामा आक्रमण गरेर भेनेजुयलाका राष्ट्रपति मादुरोको अपहरण गऱ्यो या आफ्नो नियन्त्रणमा लियो । त्यसको विरोध पनि विश्वका न्यायप्रेमी र शान्तिकामी जनताले गरेका थिए । त्यस्तै, अमेरिकाको सहयोग र साथमा युक्रेनलाई उचालेर रुसमा हमला गरियो । यसको कारण युक्रेनले ठुलो मूल्य चुकाउनुपरेको थियो । इजरायल-इरानबिचको युद्धले पनि इजरायल र अमेरिकी सैन्य क्षेत्रमा ठुलो क्षति पुगेको छ । इरानलाई पनि ध्वस्त पार्ने अमेरिकी योजना थियो । तर, इरान अमेरिकीसामु झुकेन । इरानले आक्रमणको प्रत्याक्रमण मात्र होइन बदला लिने घोषणा गऱ्यो र आक्रमणलाई निरन्तरता दियो । यसले गर्दा अमेरिकी प्रशासन पछि हट्यो । यो अमेरिकी प्रशासनको हारको सङ्केत हो । अमेरिकी आक्रामक नीतिको विरोध अमेरिकी जनता र विश्वका जनताले गरे । शान्ति छरेर विश्वका मुलुकको विकासमा लाग्नुपर्ने अमेरिका विश्वमा आतङ्क मच्चाउँदै, असुरक्षित बनाउँदै धनजनको क्षति गर्ने कार्यमा लागेको छ । अमेरिकी दादागिरी कुनै पनि देश र जनताको निम्ति सह्य हुने कुरा होइन ।

अमेरिकाले क्युवा र प्रजग कोरियामा दसकौँदेखि गरेको नाकाबन्दी अहिलेसम्म फिर्ता लिएको छैन । १८३ देशमध्ये १८० देशका प्रतिनिधिले क्युवामाथि भएको नाकाबन्दी फिर्ता लिनुपर्ने प्रस्तावलाई पनि अमेरिकाले स्वीकारेन । उक्त प्रस्तावमा अमेरिका र इजरायलमात्र विपक्षमा रहे । अमेरिकी प्रशासनको यस्तो अत्याचार, आक्रमण, दबाब र हस्तक्षेप सहन नसकेरै अमेरिकी जनता र विश्वका जनता उठेका हुन् । अत: अमेरिकी जनताले राष्ट्रपति ट्रम्पले साम्राज्यवादी नीति नछोडेसम्म, सत्ता नछोडेसम्म आन्दोलन जारी राख्नु जरुरी छ । 'नो किङ्स' नाम दिएको सो प्रदर्शनमा लाखौँको सहभागिताले अमेरिकी जनतामा एउटा राम्रो सन्देश गएको छ । यो सन्देश विश्वभर फैलिने छ; संसारबाट साम्राज्यवादी नीति अन्त्य हुनेछ र विश्वका जनताले सुरक्षितका साथ जीवन बिताउन पाउनेछन् ।

# सांस्कृतिक सम्पदामा भएका हमलाले इरानवासीलाई गर्दै छ एकजुट

✍ कोस्टान्जा मुसु

इरानविरुद्ध संयुक्त राज्य अमेरिका र इजरायलीको हमलाले अब महिना दिन पूरा गर्दै छ । सैन्य अभियान सुरु भएदेखि नै द्वन्द्वको मानवीय क्षति निरन्तर बढिरहेको छ । मुख्यत: द्वन्द्वमा सबैभन्दा बढी सङ्ख्यामा इरानी मारिँदै छन् । दिनहुँ हुने हमलाका कारण मानवीय क्षतिसँगै इरान र वरपरका खाडी देशमा ठुलो भौतिक क्षति भएको छ ।

बम विस्फोट अभियानले पूर्वाधारमा व्यापक विनाश निम्त्याएको छ । सैन्य लक्ष्यसँगै युद्धको पहिलो हप्तामा हजारौँ नागरिक भवन क्षतिग्रस्त वा नष्ट गरिए । यस विनाशबिच द्वन्द्वको अर्को आयामले समेत अहिले अन्तर्राष्ट्रिय चिन्ता बढाउँदै छ, इरानको सांस्कृतिक सम्पदामाथि पुऱ्याइएको क्षति । हो, इरान युद्धको झन्डै एक महिनामा सांस्कृतिक सम्पत्तिमाथिको आक्रमण निरन्तर बढिरहेको छ ।

युनेस्कोले विश्व सम्पदा सूचीमा सूचिकृत गरेका स्थलसहित धेरै ऐतिहासिक रूपमा महत्त्वपूर्ण स्थलहरू प्रभावित भएका छन् । तेहरानमा भएका विस्फोटले 'गोलस्तान दरबार' लाई क्षति पुऱ्यायो भने इस्फहानमा भएका आक्रमणले 'नक्स-ए जहान चोक' वरपरका संरचनालाई क्षति पुऱ्याएको छ । 'नक्स-ए जहान चोक' मा अली कापु दरबार, चेहेल सोटुन र मस्जिद-ए जामेह समावेश छन् । त्यस्ता स्थलको विनाशले युद्धमा अपनाउनुपर्ने सतर्कता बारम्बार बेवास्ता गरिएको कुरालाई प्रकाश पार्छ, जब युद्ध सञ्चालनलाई नियन्त्रण गर्ने नियम विस्तार गरिन्छ वा बेवास्ता गरिन्छ, नागरिक जीवनजस्ता सांस्कृतिक सम्पदामा स्वाभाविक क्षति हुन्छ ।

**युद्धका नाममा मनपरी गर्न छैन छुट**

युद्ध भनेको स्वतन्त्र र मनपरी हुनु होइन । युद्धका पनि आफ्नै नियम हुन्छन्, गैरसैनिक क्षेत्रमा र ऐतिहासिक सांस्कृतिक सम्पदामाथि हमला गर्न रोक्ने । यो अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा पालना हुन्छ, जसले शत्रुता सुरु भएपछि सैन्य बल कसरी प्रयोग गर्न सकिन्छ भन्ने सीमा तोक्छ । यी नियम नागरिक र नागरिक वस्तुको सुरक्षा गरेर सशस्त्र द्वन्द्वको मानवीय र भौतिक विनाशलाई कम गर्ने उद्देश्यले बनाइएका हुन् । राज्यले यी कानुनी दायित्वलाई विद्यमान नियममार्फत लागू गर्छन्, जसले अन्तर्राष्ट्रिय मानवीय कानुनको अनुपालनमा कसरी र कहिले बल प्रयोग गर्न सकिन्छ भनेर मार्गदर्शन गर्छ, जसलाई अमेरिकी युद्धमन्त्री पिट हेगसेथले 'सहभागिताका मूर्ख नियमहरू' भनेर निन्दा गरेका छन् ।




अन्तर्राष्ट्रिय मानवीय कानुनले सांस्कृतिक सम्पदाको संरक्षण गर्छ । दोस्रो विश्वयुद्धमा भएको व्यापक विनाशपछि राज्यहरूले १९५४ को हेग महासन्धि अङ्गीकार गरे, स्मारक, सङ्ग्रहालय र पुरातात्विक स्थलहरूलाई विशेष रूपमा संरक्षित सांस्कृतिक सम्पत्तिको रूपमा मान्यता दिए र युद्धरत राष्ट्रलाई अत्यावश्यक सैन्य आवश्यकताबाहेक उनीहरूमाथि आक्रमण गर्नबाट टाढा रहन आग्रह गरे । सांस्कृतिक सम्पत्ति संरक्षणलाई बेवास्ता गर्नु संयुक्त राज्य अमेरिकासहित धेरै सैन्य बलहरूले स्वीकार गरेको पाठको विपरीत हो, सांस्कृतिक सम्पदाको संरक्षण गर्नु कानुनी दायित्वमात्र होइन, रणनीतिक रूपमा स्मार्ट हुनु पनि हो । विगत दुई दशकमा यो दृष्टिकोण बढ्दो रूपमा सैन्य सिद्धान्तमा एकीकृत भएको छ । स्मारक र ऐतिहासिक स्थलको संरक्षण गरेर, सैन्य बलहरूले समाजको पहिचानको सम्मान गर्ने, स्थानीय जनसङ्ख्यासँग विश्वास निर्माण गर्ने र स्थानीय नागरिक समर्थनलाई बढावा दिएर व्यापक राजनीतिक उद्देश्यलाई अगाडि बढाउने सङ्केत गर्छ ।

**जनभावना परिवर्तन**

वर्तमान द्वन्द्वमा अमेरिकी अधिकारीले सैन्य अभियान इरानका जनतालाई लक्षित नगरी १९७९ को क्रान्तिदेखि देशमा सत्ता चलाइरहेको शासनलाई लक्षित गरेको तर्क गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको भविष्य अब यसका नागरिकको हातमा रहेको सुझाव दिएका छन्, जसले शासन कमजोर हुँदा इरानीलाई फरक राजनीतिक भविष्य निर्माण गर्न अनुमति दिन सक्छ भन्ने सङ्केत गर्छ ।

सुरुमा, इरानी डायस्पोरामा र इरानभित्रका केही आवाजले राजनीतिक परिवर्तनको ढोका खोल्न सक्ने आशामा हमलालाई स्वागत गरे । तैपनि, सहर पूर्वाधार र ऐतिहासिक सांस्कृतिक स्थलमा गरिएको विनाशको मात्राले जनभावना परिवर्तन गरिरहेको देखिन्छ । अर्थात्, सांस्कृतिक सम्पदामाथि भएका हमलाले इरानी नेतृत्वलाई विदेशी आक्रमणविरुद्ध राष्ट्रिय एकताको कथावरिपरि जनसङ्ख्यालाई एकताबद्ध गर्न अनुमति दिएको छ ।

द्वन्द्वले इरानभन्दा बाहिरका सांस्कृतिक सम्पदालाई खतरामा पारिरहेको छ । इरानी क्षेप्यास्त्रले जेरुसेलम र वरपरका क्षेत्रमा प्रहार गरेका छन्, जहाँ यसको पुरानो सहरमा विश्वका केही महत्त्वपूर्ण धार्मिक र ऐतिहासिक स्थल मात्र एक वर्गकिलोमिटरभित्र छन् । यी स्थल यहुदी धर्म, इसाई धर्म र इस्लामका लागि पवित्र छन् । यदि सैन्य अभियानको उल्लिखित उद्देश्य इरानी सरकारलाई कमजोर पार्नु र राजनीतिक परिवर्तनको सम्भावना खोल्नु हो भने सांस्कृतिक सम्पदाको विनाशले विपरीत प्रभाव पार्नेछ । सांस्कृतिक स्मारक, ऐतिहासिक सहर र धार्मिक स्थल केवल वास्तुकलाका कलाकृति होइनन्, तिनीहरू सामूहिक पहिचान र ऐतिहासिक निरन्तरताको शक्तिशाली प्रतीक हुन् । जब तिनीहरू विदेशी सैन्य बलद्वारा क्षतिग्रस्त वा नष्ट हुन्छन्, आक्रमणलाई प्राय: सरकारविरुद्धको हमला मात्र होइन, राष्ट्रमाथि नै आक्रमणको रूपमा लिइन्छ ।

**नागरिकलाई एकताबद्ध गर्दै**

युद्धको समयमा सांस्कृतिक सम्पदाको क्षतिले राष्ट्रवादी भावनालाई कसरी उत्तेजित पार्न सक्छ र त्यसले अन्तत: सरकारकै वैधतालाई कसरी बलियो बनाउन सक्छ भन्ने धेरै उदाहरण इतिहासमा भेटिन्छ । उदाहरणका लागि बोस्नियाली युद्धको समयमा मोस्टारको पुरानो पुलको विनाश (जुन राष्ट्रिय क्षति र पहिचानको शक्तिशाली प्रतीक बनेको थियो) देखि आईएसआईएसद्वारा सिरियाको पाल्माइराका प्राचीन मन्दिरको विनाशसम्म पाइन्छ । उक्त विनाशपछि सिरियाली सरकारले सांस्कृतिक अभिभावकत्व र राजनीतिक वैधताको दाबीलाई बलियो बनाउन आह्वान गरेको थियो ।

इरानी नेतृत्वलाई कमजोर पार्नुको सट्टा, व्यापक विनाश, विशेषगरी जब यसले सांस्कृतिक सम्पदालाई असर गर्छ, यसले सार्वजनिक क्रोधलाई परिचालन गर्नुका साथै देशको रक्षाका लागि नागरिकलाई एकताबद्ध हुन मद्दत गर्न सक्छ । अन्तर्राष्ट्रिय कानुन र ऐतिहासिक अनुभव दुवैले एउटै दिशामा औँल्याउँछन्, सांस्कृतिक सम्पदाको संरक्षण मानवीय दायित्व मात्र होइन, बरु प्रभावित मानिसको मनोवृत्तिमा निर्भर दीर्घकालीन परिणामसँगको द्वन्द्वमा रणनीतिक विचार हो ।

*(कोस्टान्जा क्यानडाको ओटावा युनिभर्सिटीकी सहप्राध्यापक हुन् ।)*

*- 'द कन्भर्सेसन' बाट*

# अहम्ताले बिग्रिएको संसार

✍ इकुश्रे

मानव सभ्यताको विकासक्रमलाई सूक्ष्म ढङ्गले नियाल्ने हो भने भौतिक प्रगति र प्राविधिक उपलब्धिले शिखर चुमेको देखिन्छ । तर, यो बाह्य चमकधमकको पछिल्तिर एउटा गहिरो र तितो यथार्थ लुकेको छ– त्यो हो मानव मनमा गहिरोसँग गढेको 'अहम्ता' वा 'म' र 'मेरो' भन्ने सङ्कुचित भावना । संसार आज जुन द्वन्द्व, अशान्ति र दु:खको भुमरीमा फसेको छ, त्यसको मूल जड कुनै बाह्य शक्ति नभएर मानिसभित्रै रहेको "म मात्र राम्रो, मेरो मात्र राम्रो" भन्ने अहङ्कारी मनोविज्ञान हो । यही अहम्ताले गर्दा मानिसले आफ्नो विवेक गुमाउँदै गएको छ र संसार दिनानुदिन कुरूप बन्दै गइरहेको छ ।

मानव जीवनको सुरुवातदेखि नै सिकाइने 'स्वत्व' को परिभाषा नै त्रुटिपूर्ण देखिन्छ । बाल्यावस्थामा अक्षर चिन्न थाल्दादेखि 'राम्रो म' भन्न सिकाइन्छ । त्योसँगै 'म' र 'मेरो' को घेराभित्र बस्न सिकाइन्छ । 'मेरो घर', 'मेरो परिवार', 'मेरो धर्म', र 'मेरो संस्कृति' भन्दै गर्दा मानिसले बिस्तारै आफूबाहेकका अरू सबैलाई 'पराया' देख्न थाल्छ । यो अपनत्वको भावना सुन्दा सकारात्मक लागे पनि जब यसमा अहम्ताको मिश्रण हुन्छ तब यसले विभाजनको रेखा कोर्छ । मानिसले आफ्नो विचार, आफ्नो कर्म र आफ्नो अस्तित्वलाई मात्र श्रेष्ठ ठान्न थाल्छ । "म राम्रो छु, त्यसैले मैले जे गरे पनि त्यो राम्रो हो" भन्ने भ्रमले मानिसलाई यतिसम्म अन्धो बनाउँछ कि उसले आफ्ना गल्तीहरूलाई पनि तर्कको सहाराले सही साबित गर्न खोज्छ ।

अहम्ताको सबैभन्दा डरलाग्दो रूप तब प्रकट हुन्छ, जब मानिसले अरूको राम्रो काममा पनि खोट देख्न थाल्छ । "मैले नराम्रो सोचूँ, नराम्रो बोलूँ वा नराम्रो काम गरूँ - ती सबै राम्रा; तर अरूले राम्रो सोचे पनि, राम्रो काम गरे पनि ती सबै नराम्रा" भन्ने सोच नै आजको विश्वको सबैभन्दा ठुलो मानसिक सङ्कट हो । यो 'डबल स्ट्यान्डर्ड' वा दोहोरो मापदण्डले समाजमा न्याय र नैतिकताको अन्त्य गरिदिएको छ । जब मानिसले आफ्नो अहम्तालाई पोस्नका लागि अरूको सत्कर्मको अवमूल्यन गर्छ, तब समाजमा इर्ष्या, द्वेष र वैमनस्यताको बीउ उम्रिन्छ । यही बीउ पछि गएर ठुलठुला सामाजिक र राजनीतिक कलहको कारण बन्ने गर्दछ ।

धर्म र संस्कृतिको नाममा हुने कलहलाई हेर्ने हो भने पनि त्यहाँ 'म र मेरो' को दम्भ नै प्रमुख देखिन्छ । वास्तवमा धर्मले मानिसलाई विनम्र, उदार र करुणावान् बनाउनुपर्ने हो । तर, जब मानिसले "मेरो धर्म मात्र सत्य हो र अरूको मिथ्या हो" भन्न थाल्छ, तब धर्म नै विनाशको कारण बन्छ । इतिहासका पानाहरू यस्ता रक्तपातपूर्ण युद्धले भरिएका छन्, जुन केवल आफ्नो विचार वा धर्मको श्रेष्ठता देखाउनका लागि लडिएका थिए । आफ्नो संस्कृतिलाई प्रेम गर्नु गौरवको कुरा हो, तर त्यसैको आडमा अरूको संस्कृतिको अपमान गर्नु अहम्ताको पराकाष्ठा हो । संसारका कतिपय सुन्दर सभ्यताहरू केवल यही सङ्कुचित सोचका कारण नामेट भएका छन् ।

शिक्षा प्रणालीले पनि मानिसलाई साक्षर त बनायो, तर वास्तविक अर्थमा 'शिक्षित' बनाउन सकेन । आधुनिक शिक्षाले प्रतिस्पर्धालाई यसरी प्रश्रय दियो कि मानिसले सहकार्य र सहानुभूति भन्ने शब्द नै बिर्सियो । "तिमी अरूभन्दा उत्कृष्ट हुनुपर्छ" भन्ने दबाबले गर्दा बालकले आफ्नो साथीलाई मित्र होइन, प्रतिद्वन्द्वीको रूपमा देख्न थाल्छ । यो प्रतिस्पर्धाको दौडले उसलाई पद, प्रतिष्ठा र पैसाको शिखरमा त पुऱ्याउँछ, तर उसको हृदयलाई प्रेम र करुणाको अभावमा सुक्खा मरुभूमि बनाइदिन्छ । वास्तवमा 'क, ख' पढ्दादेखि नै 'राम्रो म' को जुन पाठ पढाइन्छ, त्यसले मानिसलाई कहिल्यै 'हामी' बन्न सिकाउँदैन । यही त्रुटिपूर्ण बुझाइले गर्दा नै आज मानवीय संवेदना हराउँदै गएको छ ।

पारिवारिक र सामाजिक संरचनामा पनि अहम्ताको विषालु प्रभाव प्रस्ट देखिन्छ । आजका धेरैजसो समस्याहरू अभावका कारण होइनन्, बरु स्वभावका कारण उब्जिएका छन् । एउटै परिवारभित्र पनि "मैले भनेको हुनुपर्छ" भन्ने जिद्दीले गर्दा सम्बन्धहरू भताभुङ्ग भएका छन् । मानिस आफ्नो

*बाँकी पृष्ठ ५ मा*

# ‘१ अगस्ट’ नानचाङ विद्रोह

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले ‘चीनका प्रसिद्ध विद्रोहहरू’ सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा ‘शरद्को बाली काट्ने विद्रोह’, ‘१ अगस्टको नानचाङ विद्रोह’, ‘नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व’, ‘क्यान्टन विद्रोह’, ‘शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह’ र ‘क्वाङचाओ विद्रोह’ छापिएको थियो । ती लेखहरू ‘पेकिङ रिभ्यू’ र ‘चाइना रिकन्स्ट्रक्सन’ बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति ‘चीनका प्रसिद्ध युद्ध र विद्रोहरू’ पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

पचास वर्षअगाडि, उत्तरी युद्ध सर्दारहरूको विरोधमा कोमिनताङसँग मिलेर चिनियाँ कम्युनिस्ट पार्टीले सुरु गरेको महान् क्रान्ति असफल भएपछि अध्यक्ष माओको क्रान्तिकारी नीतिको निर्देशनमा चिनियाँ कम्युनिस्ट पार्टीले तत्कालीन पार्टी महामन्त्री भएको चेन तु स्युको दक्षिणपन्थी घुँडा टेकुवा नीतिमाथि विजय पायो र च्याङ काई सेकको ज्यानमारा हत्याकाण्डलाई सशस्त्र शक्तिबाट रोक्ने निर्णय गऱ्यो ।

१ अगस्ट १९२७ को दिन कामरेड चाउ एन लाइ, चु तेह, हो लुङ, येह तिङ र ल्यु पो चेङले कोमिनताङ प्रतिक्रियावादीहरूमाथि पहिलो गोली पड्काएर नानचाङ विद्रोहको नेतृत्व गर्नुभयो । यसले युद्धमा हाम्रो पार्टीको स्वतन्त्र नेतृत्वको सुरु र क्रान्तिकारी पल्टनको निर्माणलाई जनाउँछ ।

९ सेप्टेम्बर १९२७ को दिन अध्यक्ष माओले शरद् बाली काट्ने विद्रोहलाई अगुवाइ र नेतृत्व गर्नुभयो । अनि, उहाँले विद्रोहमा भाग लिने फौजहरूलाई चिकाङ पहाडमा लैजानुभयो । त्यहाँ उहाँले पहिलो क्रान्तिकारी आधार इलाका स्थापना गर्नुभयो र गाउँले इलाकाबाट सहरहरूलाई घेरेर अन्तमा सहरहरू लिँदै देशभरिको राजनैतिक शक्ति कब्जा गर्ने क्रान्तिकारी बाटो देखाइदिनुभयो ।

१ अगस्ट १९३३ को दिन कामरेड माओ त्सेतुङको अध्यक्षतामा चिनियाँ मजदुर र किसानहरूको जनवादी गणतन्त्रको केन्द्रीय सरकारले १ अगस्टलाई हाम्रो सेनाको दिवस मनाउने प्रस्तावलाई स्वीकार गऱ्यो ।

नानचाङ विद्रोह चिनियाँ कम्युनिस्ट पार्टीको मोर्चा समितिको प्रत्यक्ष नेतृत्वमा भएको थियो । कामरेड चाउ एन लाइ त्यसका सचिव हुनुहुन्थ्यो ।

त्यसबेला उत्तरी धावा बोल्ने पल्टन राष्ट्रिय क्रान्तिकारी पल्टनमा क्याङसी प्रान्तको हाम्रो पार्टीको नियन्त्रण र प्रभावमा भएका फौजी दलहरूमा खास गरेर कम्युनिस्ट पार्टीका सदस्य कामरेड येह तिङको मातहतमा रहेको एक डिभिजन, कामरेड हो लुङको मातहतमा रहेको एक पल्टन र कम्युनिस्ट पार्टी सदस्य कामरेड चु तेहको मातहतमा रहेको एक अफिसरहरूको तालिम दल र नानचाङ जनरक्षा ब्युरोको दुई सुरक्षा दल समावेश थियो ।

हो लुङ र येह तिङका फौजहरू दुवै क्याङसी प्रान्तको कियु क्योशबाट नानचाङमा एक हुन गइरहेको बेला कोमिनताङ प्रतिक्रियावादीहरूले हो लुङ र येह तिङलाई तिनीहरूको पदबाट झिक्ने उद्देश्यले लुशानमा पुग्ने एक जरुरी सन्देश पठाए । कामरेड हो लुङ, येहतिङ र येह चिन इङले परिस्थितिलाई विश्लेषण गर्न र जवाफी कार्य गर्न पोपाङ तालमा एक डुङ्गामाथि बसेर जरुरी बैठक गर्नुभयो । शत्रुको षड्यन्त्र थाहा पाएर उहाँहरू लुशान नजाने निर्णय गर्नुभयो, बरु उहाँहरूले आफ्ना फौजहरूलाई २६ जुलाईका दिन नानचाङतिर बलजफ्ती लैजानुभयो ।

२७ जुलाईको दिन कामरेड चाउ एन लाइ नानचाङ पुग्नुभयो । त्यसबेला कामरेड ल्यु पो-चेङ, पेङ पाई, निह चुङ चेन र युन ताई इङ पनि पुग्नुभएको थियो । त्यसै दिन कामरेड चाउ एन लाइ सचिव हुनुभएको कम्युनिस्ट पार्टीको मोर्चा समिति औपचारिकरूपले गठन भयो । क्याङसी होटलमा भएको त्यो बैठकको अध्यक्षता कामरेड चाउ ऐन लाइले गर्नुभएको थियो । त्यो होटलमा अहिले ‘१ अगस्ट’ नानचाङ विद्रोहको रूपरेखाबारे छलफल गऱ्यो । कामरेड हो लुङ, कमान्डर छन-इफ, कामरेड येह तिङ, मोर्चाको कमान्डर इन चीफ र कामरेड ल्यु पो चेङ चिफ अफ स्टाप ( मुख्य अफिसर) को रूपमा काम गर्ने गरी २८ जुलाईको दिन विद्रोहको एक केन्द्र स्थापना गरियो । त्यसपछि फौजहरूलाई वर्तमान स्थितिबारे व्याख्या गरियो र राजनैतिक तयारीको साथसाथै आवश्यक सैनिक तालिम पनि दिइयो ।

विद्रोहको निम्ति प्रारम्भिक तयारी पूरा भइसकेपछि क्रान्तिलाई विश्वासघात गर्ने र च्याङ काइ-सेकको विशेष दलाल हुने च्याङ कुओ-ताओ पार्टी केन्द्रीय समितिको प्रतिनिधि भएर नानचाङ आयो । उसले जिद्दी भएर विद्रोहलाई विरोध गऱ्यो, तर कामरेड चाउ एन लाइको अगुवाइमा पार्टीको मोर्चा समितिले उसको योजनालाई बेकार बनाइदियो र अन्तमा १ अगस्टको दिन विद्रोह सुरु गर्ने निधो गऱ्यो ।

नानचाङ विद्रोह १ अगस्ट बिहान सबेरै २ बजे सुरु भयो । त्यसभन्दा पहिले मोर्चा समितिको निर्णयलाई लागू गर्दै कामरेड चु तेहले कोमिनताङ नगर अध्यक्षको घरमा शत्रु फौजहरूको दुई रेजिमेन्टका कमान्डरहरू र एक रेजिमेन्टको कायममुकायम कमान्डरलाई एक भोजमा निमन्त्रणा गर्नुभयो र तिनीहरूलाई त्यही रोकिदिनुभयो । यसले सहरमा शत्रुका दुई रेजिमेन्टलाई तुरुन्तै खत्तम गर्ने परिस्थिति तयार पाऱ्यो ।

लडाइँको यस परिस्थितिमा शत्रुको मुख्य कार्यालयको नजिकैको एक स्कूलबाट लडाइँ सुरु गर्न कामरेड चाउ एन लाइले निर्देशन दिनुभयो । यसले विद्रोही शक्तिका लडाकु र कमान्डरहरूको साहसलाई धेरै उँचो गरिदियो । कामरेड हो लुङ र ल्यु पो-चेङ पनि लडाइँभरि नै मोर्चाको अगाडि हुनुहुन्थ्यो ।


बिहान गोली हानाहान बन्द भयो र योजना गरिएअनुसार विद्रोह समाप्त भयो । नगर शान्तिपूर्वक चालू रह्यो र पसलेहरूले सधैँजस्तै व्यापार गर्दै गए । खुसी भएका जनता छालजस्तै छिटछिटो ओइरिन थाले, विद्रोही फौजहरूलाई आफ्ना शुभकामनाहरू दिन र आ-आफ्नो सलाम पुऱ्याउन विद्रोही सदरमुकाममा ओइरिन थाले ।

समयको कमीले गर्दा, नानचाङ नजिकैको माहौलिङ रेल्वे स्टेसनको डिभिजनका कामरेडहरूलाई विद्रोहको ठीक समयको सूचना पुगेन । पहिलो अगस्टको बिहान मोर्चा समितिले त्यस डिभिजनमा कामरेड निह चुङ चेनलाई पठायो । उहाँले यस डिभिजनको एक रेजिमेन्टलाई विद्रोहमा सङ्गठित गर्नुभयो । उहाँको कोसिसले शत्रु फौजलाई सफलतापूर्वक पछाडि धकेल्दै त्यस डिभिजनको दुई अरू रेजिमेन्टका थुप्रै फौजसँग त्यो रेजिमेन्ट नानचाङभित्र पस्यो र भोलिपल्ट अरू विद्रोही सैनिक दलहरूको शक्तिसँग मिल्यो ।

नानचाङ सहरलाई विद्रोही शक्तिले कब्जा गरेको दिन, ‘नानचाङ मिंको’ दैनिकले अरू सँगै कामरेड माओ त्सेतुङले पनि सही गर्नुभएको ‘केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरूको घोषणापत्र’ छाप्यो । त्यो घोषणापत्र कोमिनताङ प्रतिक्रियावादीहरूको विरोधमा ती कम्युनिस्ट पार्टीका सदस्यहरू र त्यसबेलाका कोमिनताङ केन्द्रीय कार्य समितिका सदस्यहरूमध्येका वामपन्थी कोमिनताङ सदस्यहरूको सङ्घर्षको आह्वान थियो । त्यसमा भनिएको थियो - ‘च्याङ काइ सेक र वाङ चिङ वेइले क्रान्तिलाई विश्वासघात गरे र ‘उहान र नानकिङका कोमिनताङ भनाउँदा सरकारहरू नयाँ युद्ध सर्दारहरूको ज्यावल भइसकेका छन्’ र ‘राष्ट्रिय क्रान्तिका अपराधीहरू’ भइसकेका छन् । त्यस दस्तावेजमा क्रान्तिमा किसानहरूको ठूलो भूमिकाको पूरा स्थान दिएर घोषणापत्रले साम्राज्यवाद र नयाँ र पुराना युद्ध सरदारहरूलाई उल्टाएर फ्याक्न, खेतको समस्या सुल्झाउन र रुससँग मैत्री, कम्युनिस्ट पार्टीसँग सहयोग र मजदुर र किसानहरूलाई सहायता गर्ने तीन महान् नीतिहरूलाई उँचो उठाउन आह्वान गरेको थियो । ‘यी नीतिहरूलाई लागू गर्न दृढतापूर्वक लड्न’ आह्वान पनि गरिएको थियो ।

नानचाङ विद्रोहको विजयपछि, मोर्चा समितिले कोमिनताङ केन्द्रीय कार्य समितिका सदस्यहरू र विभिन्न प्रान्त, इलाका र विशेष नगरपालिका र समुद्रपारका केन्द्रका प्रतिनिधिहरू भएको एक संयुक्त बैठक बोलाइयो । त्यसमा कम्युनिस्ट पार्टी र कोमिनताङका वामपन्थी सदस्यहरू दुवैले भाग लिएका थिए । सभामा सबभन्दा पहिले कामरेड येह तिङले नानचाङ विद्रोहबारे एक रिपोर्ट दिनुभयो, त्यसपछि ‘संयुक्त बैठकको घोषणा’ र ‘पहिलो अगस्टको विद्रोहको घोषणा’ बारे छलफल गरिए र स्वीकार भयो ।

कम्युनिस्ट पार्टीका सदस्यहरू नेतृत्वको खम्बा भई वामपन्थी कोमिनताङहरूसमेत राखेर चीनको कोमिनताङको एक क्रान्तिकारी समिति चुनियो । त्यो क्रान्तिकारी समिति चाउ ऐन-लाई, तेह, चु सुन चिडलिङ, होलुङ, येह तिङ, युन ताई यिन, हो स्याङ निन् र को-मो-रोसहित २५ जवान सदस्यहरूबाट बनेको थियो ।





मोर्चा समितिको नेतृत्वमा विद्रोही फौज र विद्रोहमा भाग लिएका मजदुर र किसानहरू, बन्दी बनाइएकाहरूसमेत गरी जम्मा ३९ हजार मानिसहरूलाई तीनवटा पल्टनमा एक मोर्चा सेनाअन्तर्गत सङ्गठित गरियो । कामरेड हो लुङ सेनापति, कामरेड येह तिङ मोर्चाको सेनापति, कामरेड ल्युपो-चेङ मुख्य सेनापति (चीफ अफ स्टाफ) र कामरेड को-मो-रो राजनैतिक विभागका निर्देशक नियुक्त गरिनुभयो ।

नानचाङ विद्रोहले कोमिनताङ प्रतिक्रियावादीहरूलाई अन्योलमा पारिदियो । च्याङ काइ-सेक हतरपतर नानकिङ, उहान र क्वाङतुङबाट नानचाङको विद्रोही शक्तिलाई मेटाउने उद्देश्यले आफ्ना क्रान्तिविरोधी पल्टनहरू जम्मा गर्न लाग्यो । क्रान्तिविरोधी शक्तिहरूबाट घेरिएर मोर्चा समितिले विद्रोही सेनालाई नानचाङबाट तानेर योजनाअनुसार क्वाङतुङमा हिँड्ने निर्णय गऱ्यो ।

दक्षिणी हिँडाइमा विद्रोही सेना शत्रुको विरोधमा बहादुरीपूर्वक लडे । तर, जनतालाई सञ्चालन गर्न र सशस्त्र पार्न नसक्दा र गाउँले इलाकामा आधार इलाका स्थापना गर्न नसक्दा विद्रोही सेनाको मुख्य शक्तिले क्वाङतुङ प्रान्तमा हार भोग्नुपऱ्यो ।

१९२८ जनवरी महिनामा कामरेड चु तेह र चेन यीको मातहतमा रहेका बाँकी विद्रोही सेनाहरूले दक्षिणी हुनान प्रान्तमा एक विद्रोह गरे । (चेन यी उहानबाट क्याङसी प्रान्त आउनुभएको थियो र नानचाङबाट दक्षिणमा जाँदा विद्रोही सेनासँग भेट भएको थियो ।) उहाँहरू अप्रिल महिनातिर चिकाङ पहाडहरूमा कामरेड माओ त्सेतुङले नेतृत्व गर्नुभएको शक्तिहरूमा एक हुनुभयो ।

***पेइचिङ रिभ्यू***
***५ अगस्ट, १९७७ नं. ३६***
***स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू***



***अहम्ताले...***

गल्ती स्वीकार गर्न तयार छैन, किनकि उसलाई लाग्छ कि झुक्नु भनेको हार्नु हो । तर वास्तवमा, झुक्न सक्ने मानिस नै महान् हुन्छ । अहम्ताले मानिसलाई यति कडा बनाइदिन्छ कि ऊ अरूको भावना बुझ्नै सक्दैन । यसले गर्दा समाजमा एक्लोपन र मानसिक तनाव बढ्दो छ । मानिस भीडमा त छ, तर ऊ आफ्नो अहम्ताको कैदभित्र एक्लै छ ।

प्राकृतिक सन्तुलन बिग्रनुमा पनि मानवीय अहम्ताकै हात छ । “प्रकृति मेरो उपभोगको साधन हो र म यसको मालिक हुँ” भन्ने दम्भले गर्दा मानिसले पृथ्वीको दोहन निर्दयी ढङ्गले गऱ्यो । आफूलाई सर्वश्रेष्ठ प्राणी ठान्ने मानिसले अन्य जीवजन्तु र वनस्पतिको अस्तित्वलाई वास्तै गरेन । आज जुन वातावरणीय सङ्कट आइलागेको छ, त्यो मानिसको यही ‘म र मेरो’ भन्ने लोभी प्रवृत्तिको सजाय हो । हामीले बिर्सियौँ कि हामी प्रकृतिका अंश हौँ, यसका शासक होइनौँ । जब अंशले आफूलाई सिङ्गो ब्रह्माण्डभन्दा ठुलो ठान्न थाल्छ, तब विनाश निश्चित हुन्छ ।

संसार दुःखमय हुनुको अर्को कारण भनेको मानिसको आत्मकेन्द्रित प्रवृत्ति हो । हामी संसार सुधार्ने कुरा त गर्छौं, तर आफू सुध्रिने प्रयास कहिल्यै गर्दैनौँ । हामी अरूमा खोट देख्छौँ, तर आफ्नै आँखामा रहेको कसिङ्गर देख्दैनौँ । “यो संसार बिग्रिएको छ” भनिरहँदा हामीले बिर्सिरहेका हुन्छौँ कि यो संसार त मानिसहरूकै समूह हो । यदि प्रत्येक व्यक्तिले आफ्नो भित्रको अहम्तालाई त्यागेर अलिकति मात्र उदारता देखाउने हो भने संसार रातारात बदलिनेछ । तर, समस्या यहीँ छ कि हामी आफ्नो अहम्ताको सिंहासन छोड्न तयार छैनौँ ।

वास्तविक सुख र शान्ति अहम्ताको अन्त्यमा मात्र सम्भव छ । जब मानिसले ‘म’ को सट्टा ‘हामी’ भन्न सिक्छ, तब मात्र प्रेमको ढोका खुल्छ । ‘म राम्रो’ हुनु भनेको अरूलाई होच्याउनु होइन, बरु आफूलाई असल र उपयोगी बनाउनु हो । संसारका महान् दार्शनिक र सन्तहरूले सधैँ विनम्रतालाई नै सबैभन्दा ठुलो गुण मानेका छन् । अहम्ता एउटा यस्तो झूटो पर्खाल हो, जसले हामीलाई वास्तविक सत्य देख्न दिँदैन । यो पर्खाललाई भत्काउनका लागि सही बुझाइ र आत्मचिन्तनको आवश्यकता पर्दछ ।

अन्ततः, यो संसार दुःखमय हुनुमा कुनै बाह्य शक्ति वा भाग्यको दोष छैन । यो त केवल हाम्रो गलत सिकाइ, त्रुटिपूर्ण बुझाइ र चरम अहम्ताको प्रतिफल हो । ‘म र मेरो’ को सङ्कुचित परिधिबाट बाहिर निस्किएर सम्पूर्ण विश्वलाई एउटै परिवारको रूपमा हेर्न सक्ने दृष्टिको विकास नभएसम्म शान्ति सम्भव छैन । आफ्नै गल्तीहरूलाई राम्रो देख्ने र अरूको राम्रोलाई नराम्रो देख्ने दृष्टिदोषलाई नहटाएसम्म संसार सधैँ बिग्रिएको नै देखिनेछ । अहम्तालाई त्यागेर करुणा, क्षमा र सहअस्तित्वको मार्गमा हिँड्नु नै यो दुःखमय संसारका लागि एक मात्र कल्याणकारी बाटो हो । मानिसले जति छिटो यो यथार्थलाई बुझ्छ, त्यति नै छिटो यो धर्ती स्वर्ग समान बन्नेछ ।

# तेल नाकाबन्दीबिच क्युवातर्फ रुसी ट्याङ्कर प्रस्थान



वाशिङ्टन, ३० मार्च (सिन्ह्वा)। अमेरिकाले महिनौँदेखि जारी तेल नाकाबन्दीपछि रुसी स्वामित्वको एक कच्चा तेल बोकेको ट्याङ्करलाई क्युवा पुग्न अनुमति दिएको छ।

करिब सात लाख ३० हजार ब्यारेल तेल बोकेको उक्त ट्याङ्कर आइतबार साँझ क्युवाको समुद्री सीमाबाट केही माइल टाढा पुगेको थियो। उक्त जहाज सोमबार रातिसम्म मातान्जास बन्दरगाह पुग्ने अपेक्षा गरिएको छ।

अमेरिकी तटरक्षकसँग सो क्षेत्रमा ट्याङ्कर रोक्न सक्ने दुई जहाज भए पनि हस्तक्षेप गर्न आदेश दिइएको थिएन।

उक्त ट्याङ्कर क्युवा पुगेपछि त्यहाँको चर्किंदो ऊर्जा सङ्कट केही हप्तासम्म कम हुन सक्ने अनुमान गरिएको छ। जनवरीदेखि अमेरिकी प्रशासनले क्युवामाथि थप तेल प्रतिबन्ध लगाउँदै आएको छ र बारम्बार सैन्य चेतावनी पनि दिएको छ। अमेरिकाले क्युवामा शासन परिवर्तनको प्रयासबारे पनि विचार गरिरहेको बताइएको छ।

यसैबिच, रुसको विदेश मन्त्रालयले अमेरिकाको बढ्दो दबावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै क्युवालाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। मन्त्रालयले क्युवाको सार्वभौमिकतामा हस्तक्षेप गर्ने प्रयासको कडा विरोध पनि गरेको छ।

# तेहरानमा आक्रमण, सम्झौता अझै अनिश्चित

तेहरान, ३० मार्च (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'चाँडै' सम्झौता हुन सक्ने सङ्केत दिनुभएकै भोलिपल्ट इजरायलले तेहरानभरि सैन्य लक्ष्यमा आक्रमण तीव्र पारेको जनाएको छ। यो आक्रमणले कूटनीतिक सम्भावनाभन्दा युद्ध अझै गहिरिँदै गएको स्पष्ट सङ्केत दिएको छ। स्थलगत कारबाहीसमेत अस्वीकार नगरिएको अवस्थामा द्वन्द्वले नयाँ मोड लिने चिन्ता बढेको छ।

सप्ताहन्तमा इरानका ऊर्जा पूर्वाधारमा आक्रमण भएपछि तेहरान र आसपास क्षेत्रमा बिजुली अवरुद्ध भएको थियो। त्यसको जवाफमा इरानले इजरायलसँगै कुवेत र साउदी अरबतर्फ नयाँ आक्रमणहरू सुरु गरेको जनाएको छ, जसले द्वन्द्वलाई क्षेत्रीय स्तरमा विस्तार गराएको छ।

लगातारको युद्धले विश्व अर्थतन्त्रमा गम्भीर असर पारेको छ। एसियाका विभिन्न क्षेत्रमा इन्धन अभाव देखिएको छ भने सेयर बजार अस्थिर बनेका छन्। तेलको मूल्य तीव्र रूपमा बढ्दै अमेरिकी बेन्चमार्क प्रतिब्यारेल १०० डलर नजिक पुगेको छ भने ब्रेन्ट ११७ डलर आसपास पुगेको छ।

इजरायलले दक्षिणी लेबनानमा इरान समर्थित हिजबुल्लाहविरुद्ध आक्रमण जारी राखिरहेको छ। यसैक्रममा इन्डोनेसियाले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा संलग्न आफ्ना एक सैनिक क्षेप्यास्त्र प्रहारमा मारिएको पुष्टि गरेको छ। युनिफिलले भने प्रक्षेप्यको स्रोतबारे अनुसन्धान सुरु गरेको जनाएको छ।

जमिनी स्तरमा भने आक्रमण-प्रत्याक्रमण रोकिएको छैन। इजरायलले सोमबार इरानबाट प्रक्षेपण गरिएका मिसाइलहरूको जवाफ दिएको जनाएको छ भने तेहरानका विभिन्न सैन्य संरचनामा प्रहार जारी राखिएको उल्लेख गरेको छ।

कूटनीतिक प्रयासहरू पनि समानान्तर रूपमा अघि बढिरहेका छन्। पाकिस्तानले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै साउदी अरब, टर्की र इजिप्टका विदेशमन्त्रीहरूलाई इस्लामाबादमा वार्ताका लागि आमन्त्रण गरेको छ। पाकिस्तानका विदेशमन्त्रीले युद्ध अन्त्यका उपायहरूबारे छलफल भइरहेको जानकारी दिनुभएको छ।

उहाँका अनुसार इरान र अमेरिका दुवैले वार्तालाई सहज बनाउन पाकिस्तानप्रति विश्वास व्यक्त गरेका छन्। यस सन्दर्भमा चिनियाँ विदेशमन्त्री वाङ यी, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायतसँग पनि समन्वय गरिएको बताइएको छ।

तर, इरानभित्र भने अमेरिकामाथि अविश्वास बढ्दो छ। संसद्का सभामुख मोहम्मद बाघेर गालिबफले वासिङ्टनले वार्तालाई 'धुवाँ पर्दा' बनाउँदै गोप्य रूपमा जमीनी आक्रमणको तयारी गरिरहेको आरोप लगाउनुभएको छ। उहाँले इरानी जनताले अमेरिकी फौजको प्रत्यक्ष सामना गर्न तयार रहेको समेत बताउनुभयो।

युद्ध अन्त्यका लागि विभिन्न प्रस्तावहरू अघि सारिए पनि अमेरिकाले क्षेत्रमा थप सैन्य उपस्थिति बढाइरहेको छ। युएसएस त्रिपोली मध्यपूर्व आइपुगेको छ, जसमा हजारौँ मरीन र नाविकहरू तैनाथ छन्। पेन्टागनले सम्भावित स्थलगत कारबाहीका योजना तयार गरिरहेको बताइएको छ, यद्यपि त्यसको औपचारिक स्वीकृति अझै दिइएको छैन।

यसबिच, युद्धको सबैभन्दा ठुलो असर सर्वसाधारणमा परेको छ। तेहरानका एक कलाकारले निरन्तर राति हुने आक्रमणका कारण 'शान्तिपूर्ण निद्रा हराएको' गुनासो गरेका छन्, जहाँ विस्फोटका धक्काले सहर नै काँपिरहेको अनुभव हुने गरेको छ।

द्वन्द्व थप चर्किंदै जाँदा इरानले होर्मुज जलडमरूमध्य बन्द गरेको जनाएको छ। यो विश्व तेल आपूर्तिको महत्त्वपूर्ण मार्ग हो। कुवेतमा इरानी आक्रमणमा एक भारतीय कामदारको मृत्यु भएको छ भने साउदी अरबले आफ्ना सुरक्षाबलले पाँचवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकेको जनाएको छ।

ऊर्जा पूर्वाधारमा आक्रमणका कारण इरानका विभिन्न क्षेत्रमा बिजुली आपूर्ति अवरुद्ध भएको छ। ट्रम्पले यसअघि वार्ता नभए पावर स्टेसनहरूमा आक्रमण गर्ने चेतावनी दिँदै आउनुभएको थियो, जसले हालको तनावलाई थप चर्काएको देखिन्छ।

### मध्यपूर्वमा तनाव चर्किंदै समुद्री ढुवानीमा अवरोधको डर

त्यसैबिच यमनका इरान समर्थित हुथी विद्रोहीहरूले इजरायलमाथि मिसाइल आक्रमण गरेपछि मध्यपूर्व क्षेत्रमा तनाव थप चर्किएको छ र विश्व व्यापारमा असर पर्ने चिन्ता बढेको छ।

हुथी समूहले शनिबार दक्षिणी इजरायलका 'संवेदनशील सैन्य स्थलहरू' लक्षित गर्दै मिसाइल प्रहार गरेको दाबी गरेको छ। यद्यपि, इजरायली सेनाले यमनबाट प्रहार गरिएको एक मिसाइललाई अवरोध गरेको जनाएको छ।

इजरायली सैन्य प्रवक्ताले देश बहुपक्षीय युद्धको सम्भावनाका लागि तयारी अवस्थामा रहेको बताउनुभएको छ।

हुथीहरू इरानको 'प्रतिरोध अक्ष' अन्तर्गतका महत्त्वपूर्ण सहयोगी मानिन्छन्। यस समूहले यमनको राजधानी सना र देशको ठुलो उत्तरी क्षेत्र नियन्त्रणमा राखेको छ र सन् २०१४ देखि अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारविरुद्ध गृहयुद्ध लड्दै आएको छ।

हालै संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि करिब एक महिनासम्म मौन रहेका हुथीहरू अब प्रत्यक्षरूपमा युद्धमा प्रवेश गरेका हुन्।

विश्लेषकहरूका अनुसार हुथीहरूको यस सक्रियताले अन्तर्राष्ट्रिय समुद्री ढुवानी र ऊर्जा आपूर्तिमा थप अवरोध ल्याउन सक्छ। यसले विश्व अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ।

हुथी पक्षले अमेरिका र इजरायललाई आफ्नो क्षेत्र प्रयोग गरेर इरानमाथि आक्रमण गर्न नदिने चेतावनी दिएको छ। उनीहरूले आवश्यक परे थप कडा कदम चाल्ने सङ्केत पनि दिएका छन्।

यसअघि पनि हुथीहरूले व्यापारिक जहाजहरू लक्षित गर्दै सयभन्दा बढी आक्रमण गरेका थिए, जसका कारण अन्तर्राष्ट्रिय ढुवानी प्रणालीमा ठुलो अवरोध आएको थियो।

विशेषज्ञहरूका अनुसार यदि क्षेत्रीय तनाव अझ बढेमा ऊर्जा बजार, ढुवानी र विश्व व्यापारमा गम्भीर असर पर्न सक्नेछ।

## विश्व सङ्क्षेप

# नाइजेरियाको बारमा भएको आक्रमणमा मृत्यु हुनेको सङ्ख्या २२ पुग्यो

जोस (नाइजेरिया), ३० मार्च (एएफपी)। यस अघि बन्दुकधारीहरूले नाइजेरियाको अशान्त पठार राज्यको राजधानी जोसस्थित एउटा बारमा आक्रमण गरी कम्तिमा एक दर्जन मानिसहरूको हत्या गरेका थिए। आक्रमणको प्रतिशोधको क्रममा थप १० जनाको मृत्यु भएको स्थानीयहरूलाई उदृत गर्दै सोमबार एएफपीले जनाएको छ।

नाइजेरियाको मध्य क्षेत्रमा रहेको पठार राज्यका ग्रामीण क्षेत्रमा बारम्बार हिंसा हुने गरेको जनाइएको छ। जुन किसानहरूबिचको भूमि विवादसँग जोडिएको छ। जोस नर्थ जिल्लाको अङ्गुवान रुकुबामा रहेको बार-एण्ड रेस्टुरेन्टमा आइतबार अज्ञात बन्दुकधारीले गोली चलाउँदा कम्तीमा १२ जनाको मृत्यु भएको पठार रेडक्रसका सचिव नुरुद्दीन हुसैनी मगाजीले पुष्टि गर्नुभएको छ।

आक्रमणकारीले संयुक्त रूपमा गोली हान्दा १२ जनाको घटनास्थलमै मृत्यु स्थानीयलाई उदृत गर्दै एएफपीले जनाएको छ। सरकारले संदिग्धहरूको नाम नखुलाई अनुसन्धान चलिरहेको बताएको छ।

# इरानी मिसाइल आक्रमणमा अमेरिकी सैनिक घाइते, अमेरिकाले थप सेना पठायो

वासिङटन, ३० मार्च (एपी)। इरानले साउदी अरबको प्रिन्स सुल्तान विमान बेसमाथि मिसाइल र ड्रोन हमला गर्दा कम्तीमा १५ अमेरिकी सैनिक घाइते भएका छन्। यस आक्रमणमा पाँच जना गम्भीर अवस्थामा छन्। यसअघि, यो क्षेत्रमा अमेरिकी सैनिकको सङ्ख्या ३०० भन्दा बढी घाइते भएका थिए।

इरानले छ वटा बैलिस्टिक मिसाइल र २९ वटा ड्रोन प्रहार गरेको थियो। अमेरिकी सेनाले मध्यपूर्वमा थप सैनिक र विमान साधनहरू पठाएको छ। यससँगै, क्षेत्रीय तयारीमा स्ट्राइक फाइटर विमान र अन्य आक्रमण साधनहरू पनि पठाइएका छन्।

साउदी विमान बेस रियादबाट करिब ९६ किलोमिटर टाढा छ र अमेरिकी सैनिकहरूले पनि यस बेस प्रयोग गर्दै आएका छन्। यस क्षेत्रमा युद्ध सुरु भएदेखि नै बेसलाई लक्ष्य बनाइएको छ। अमेरिकी अधिकारीहरूका अनुसार, अधिकांश घाइते सैनिक फर्किसकेका छन्, तर ३० जना अझै बाहिर छन् र १० जना गम्भीर घाइतेको रूपमा वर्गीकृत छन्।

इरानले अमेरिका र इजरायलका आक्रमणको जवाफमा इजरायल र खाडी अरब राज्यमाथि प्रहार गरेको छ। यस युद्धले विश्वव्यापी हवाई यात्रा र तेल आपूर्तिमा असर पारेको छ। विशेषज्ञहरू इरानी उद्देश्य केवल अमेरिकी सैनिकलाई मार्नु मात्र होइन भनेका छन्, यसले अमेरिका र उसका सहयोगीहरूको आर्थिक स्थिरतामा असर पुऱ्याउने रणनीति हो।

# चीनमा स्वेच्छिक अङ्गदाता सङ्ख्या ७३ लाख नाघ्यो

पेइचिङ, ३० मार्च (सिन्ह्वा)। चीनमा स्वेच्छिक रूपमा अङ्गदान गर्ने व्यक्तिको सङ्ख्या ७३ लाखभन्दा बढी पुगेको चीनको अङ्गदान प्रशासन केन्द्रले जनाएको छ। केन्द्रका अनुसार हालसम्म करिब ६५ हजारभन्दा बढी व्यक्तिहरूबाट मृत्यु पश्चात् अङ्गदान भएको छ। यसबाट दुई लाखभन्दा बढी बिरामीहरूको जीवन बचाइएको छ भने एक लाखभन्दा बढी मानिसको दृष्टि पुनःस्थापित गरिएको छ।

यसैगरी, चीनमा ६९ हजारभन्दा बढी पूर्ण शरीर दानसमेत सम्पन्न भइसकेको जनाइएको छ। अङ्गदाताहरूको सम्मानमा चीनभर ३८० भन्दा बढी स्मारक स्थलहरू स्थापना गरिएका छन्। हरेक वर्ष चिङमिङ पर्वको अवसरमा ती स्थानहरूमा अङ्गदाताहरूको सम्झनामा विशेष कार्यक्रमहरू आयोजना गरिन्छ। चीनले सन् २०१० मा मृत्यु पश्चात् अङ्गदानसम्बन्धी परीक्षण कार्यक्रम सुरु गरेको थियो भने सन् २०१३ देखि यसलाई देशव्यापी रूपमा विस्तार गरिएको हो।

# अस्ट्रेलियाली शेयर बजारमा गिरावट, तेल मूल्यवृद्धिको असर

सिड्नी, ३० मार्च (सिन्ह्वा)। अस्ट्रेलियाको शेयर बजार सोमबार प्रारम्भिक कारोबारमै १.४ प्रतिशतले घटेको छ। विश्वव्यापी तेल मूल्य निरन्तर बढ्दै गएपछि बजारमा दबाब परेको हो।

एस एन्ड पी/एएसएक्स २०० सूचकाङ्क सोमबार कारोबार सुरु भएको पहिलो घण्टामै १.४ प्रतिशतले घटेर ८ हजार ३९७ अङ्कमा झरेको छ। यो सूचकाङ्क शुक्रबारको बन्द अवस्थामा रहेको ८ हजार ५१६.३ अङ्कबाट तल आएको हो।

सोमबार बिहानसम्म हेर्दा यो प्रमुख सूचकाङ्क पछिल्लो एक महिनामा झण्डै ८.७ प्रतिशतले घटिसकेको छ।

मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्वव्यापी तेलको मूल्य प्रतिब्यारेल १२० अमेरिकी डलर नजिक पुगेको छ, जसले शेयर बजारमा नकारात्मक प्रभाव पारेको विश्लेषकहरूले बताएका छन्।

सोमबार बिहानको कारोबारमा विशेषगरी वित्तीय र स्वास्थ्य क्षेत्रमा बढी गिरावट देखिएको छ।

# बीमा छ, तर उपचार छैन

# सङ्कटमा नेपालको स्वास्थ्य बीमा कार्यक्रम –१

बरुण थापा


जसले पैसा तिर्न सक्छ, उसलाई मात्र सुरक्षा दिने प्रणाली बीमा होइन, व्यापार हो । अनि जुन राज्यले संवैधानिक रूपमा स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेर पनि बिरामी र गरिबले मात्रै प्रयोग गर्ने गरी कार्यक्रम बनाउँछ, त्यसले सुरक्षा सञ्जाल होइन, बरु धराप निर्माण गरिरहेको हुन्छ ।

सुकुमायासँग स्वास्थ्य बीमा परिचयपत्र छ । उनी आफ्नो परिवारका लागि वार्षिक ३,५०० रूपैयाँ बीमा शुल्क रकम प्रिमियमका रूपमा तिर्दै आएकी छन् । उनलाई भनिएको थियो - बीमाले उनको वार्षिक एक लाख रूपैयाँसम्मको स्वास्थ्योपचारको सुरक्षा गर्नेछ । वि.सं. २०७२ को भूकम्पपछि ऋण काढेर घर ठड्याएकी यी महिलाले कोभिड-१९ महामारीले परिवारको आम्दानी गुमेपछि पुरानो ऋण तिर्न पुन: अर्को ऋणको जोहो गरेको अवस्थामा उनलाई उपर्युक्त बीमा परिचयपत्रले एउटा वाचा गरेको थियो– अब आफ्नो स्वास्थ्यावस्थाले थप कङ्गाल बनाउने छैन । तर, सिन्धुपाल्चोकस्थित आफ्नो गाउँ नजिकै स्कुटरको ठक्करले उनको पेटमा चोट लाग्दा उक्त बीमाले काम गरेन । उनी यस्तो निजी अस्पतालमा पुग्नुपर्‍यो जसको सरकारी बीमा कार्यक्रमसँग कुनै साइनो सम्बन्ध थिएन । उनको आपतकालीन शल्यक्रिया र उपचारको कुल खर्च रकमबापतको बिल पाँच लाख रूपैयाँ उठ्यो जुन रकम बीमाद्वारा तोकिएको वार्षिक अधिकतम सीमाभन्दा पाँच गुणा बढी थियो । उक्त रकमको एक एक रूपैयाँ उनको आफ्नै खल्तीबाट खर्च गर्नुपर्ने भयो । आफूसँग भएको सम्पूर्ण बचत तथा बाँकी रकम सरसापट खोजेर उनले उक्त बिल चुक्ता गरिन् ।

सुकुमाया अझै पनि स्वास्थ्य बीमामा विश्वास गर्छिन् । उनले लगातार तीन वर्षदेखि बीमा शुल्क तिरिरहेकी छन् । उनको गुनासो यत्ति हो कि बीमाले आफूसँग गरेको वाचा कहिल्यै पनि पूर्ण रूपमा पूरा गरेन । उपचारका लागि बीमा परिचयपत्र स्वीकार गर्ने अस्पतालमा परिवारका सदस्यको उपचार गराउने क्रममा उनले सधैं एउटै प्रवृत्तिको सामना गरेकी छन् । उनी भन्छिन्, “बीमाअन्तर्गत प्रत्येक पटक सस्ता औषधिहरू मात्र पाइन्छन्, चिकित्सकले लेखिदिने ‘राम्रा’ औषधिहरू भने कहिल्यै पाइँदैनन् ।” तत्पश्चात्, सन् २०२६ को सुरुआततिर उक्त आंशिक कभरेज पनि गायब भयो । देशकै सबैभन्दा पुरानो र ठुलो सरकारी अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण (टिचिङ) अस्पतालले २०८२ माघ १ गते (मध्य जनवरी २०२६) देखि लागू हुने गरी बीमामा आधारित सम्पूर्ण सेवा स्थगित गर्‍यो । लगत्तै नेपालको प्रमुख मुटु अस्पताल सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रले पनि त्यही गर्‍यो । केही साताभित्रै देशभरका पचासभन्दा बढी अस्पतालले बीमा परिचयपत्रका आधारमा उपचार प्रदान गर्न इन्कार गर्न थाले । सरकारले ती अस्पतालहरूलाई बीमा दाबी बापतको अर्बौं रूपैयाँ भुक्तानी गर्न बाँकी रहेछ ।

अस्पतालहरूले कुनै बदनियत राखेर उपचार गर्न अस्वीकार गरेका थिएनन् । बरु राज्यले पर्याप्त बजेट विनियोजन गर्न नसकेको कार्यक्रमको आर्थिक भार ती अस्पतालहरू आफैंले भरथेग गरेकोमा आखिर यही आर्थिक भारले किल्चिएर उनीहरू थला परेका थिए । त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. सुवास आचार्यले यस्तो अवस्था आउँदैछ भनेर स्वास्थ्य मन्त्रालयलाई पहिल्यै चेतावनी दिएका थिए । “हामी यसलाई धान्न सक्दैनौं,” उनी यस पङ्क्तिकारसँग भन्छन्, “पछिल्लो ६ महिनामा मैले उनीहरूलाई करिब १० वटा पत्र लेखिसकेको छु । हामी यसलाई धान्नै सक्दैनौं ।” तर, उनको कुराको सुनुवाइ कसैले पनि गरेन । सुकुमायाले भनिन्, “उनीहरूले नेपालभरिका एवं काठमाडौंका जुनसुकै अस्पतालमा पनि स्वास्थ्य बीमा परिचयपत्रले काम गर्ने बताएका थिए । तर, त्यस्तो केही पनि भएन । अहिले त यो बन्द भइसक्यो ।”

नेपालको राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम संविधानद्वारा सुनिश्चित स्वास्थ्यको हकलाई व्यवहारमा उतार्ने देशको इतिहासमै सबैभन्दा महत्त्वाकाङ्क्षी प्रयास थियो । २०७२ मा सुरु भई २०७४ सालको ‘स्वास्थ्य बीमा ऐन’ मार्फत कानुनी रूप दिइएको यस कार्यक्रमले परिवारले धान्न सक्ने बीमा शुल्कमा सर्वव्यापी स्वास्थ्य पहुँच (युनिभर्सल हेल्थ कभरेज) उपलब्धताको वाचा गरेको थियो । त्यसको आठ वर्षपछि भने यो कार्यक्रम गम्भीर सङ्कटमा परेको छ । अस्पतालहरू अर्बौंको भुक्तानी अभावको भारले थिचिएका छन्, बिरामीहरू आफ्नो बीमा उपलब्धता ( कभरेज) भन्दा पाँच गुणा बढी रकम आफ्नो खल्तीबाट तिर्न बाध्य छन् भने यस प्रणालीका परिकल्पनाकारहरू आफूले पहिल्यै जनाउ दिए जसरी नै बीमा कार्यक्रम असफल भइरहेको परिदृश्य टुलुटुलु हेर्न विवश छन् । सर्वव्यापी स्वास्थ्य पहुँचको यात्रा २०७२ मा जारी नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने, स्वास्थ्य सेवामा समान पहुँच हुने र कसैलाई पनि आपत्कालीन स्वास्थ्य सेवाबाट वञ्चित नगरिने कुराको सुनिश्चितता गरेको छ । उक्त वाचा पूरा गर्ने एउटा महत्त्वपूर्ण माध्यमका रूपमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम रहेको थियो ।




वार्षिक बीमा शुल्क भुक्तानी गरेपश्चात् प्रत्येक परिवारले समान स्वास्थ्य कभरेज प्राप्त गर्ने व्यवस्था रहेको यस कार्यक्रमले देशभरका स्वास्थ्य संस्थामा बहिरङ्ग (आउट पेसेन्ट) र अन्तरङ्ग (इन पेसेन्ट) सेवा, शल्यक्रिया, औषधि र एम्बुलेन्स सेवालाई समेटेको थियो । ऐनअन्तर्गत सबै नेपालीका लागि बीमामा आबद्ध हुनु अनिवार्य थियो । अति गरिब, ज्येष्ठ नागरिक, एचआईभी सङ्क्रमित तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण बीमा शुल्क सरकारले बेहोर्ने व्यवस्था थियो । यसको मुख्य सिद्धान्त नै स्वस्थले बिरामीलाई सहयोग गर्ने, धनीले गरिबलाई सहयोग गर्ने गरी अन्तर-अनुदान (क्रस-सब्सिडी) उपलब्ध गराउने तथा बीमा प्रिमियम भुक्तानी गर्न नसक्नेहरूको खर्च राज्यले बेहोर्ने भन्ने रहेको थियो । यो समताको सिद्धान्तमा आधारित प्रणाली थियो । बीमा सुधार सल्लाहकार समितिको सन् २०२४ को प्रतिवेदनअनुसार अक्टोबर २०२४ सम्ममा सबै ७७ जिल्लाका ४८५ सेवा प्रदायकको सञ्जालमार्फत ८३ लाख व्यक्तिहरू यसमा आबद्ध भइसकेका थिए । कागजी रूपमा हेर्ने हो भने विश्व स्वास्थ्य सङ्गठनले ‘जनस्वास्थ्यको क्षेत्रमा उपलब्ध सबैभन्दा शक्तिशाली अवधारणा’ भनी आत्मसात् गरेको सर्वव्यापी स्वास्थ्य सुरक्षा लगभग हाम्रो पहुँचमा पुग्न लागेकोजस्तो देखियो ।

तर, यो बीमा कार्यक्रम अचानक आकाशबाट खसेर प्रकट भएको थिएन । यो त दशकौंसम्मको वकालत तथा पैरवी एवं प्रगतिको जगमा उभिएको थियो । यो यस्तो समयमा आयो, जतिबेला नेपालको जनस्वास्थ्य प्रणालीले आफ्नो इतिहासमै सबैभन्दा द्रूत गतिमा फड्को मारिरहेको थियो । २०६२/०६३ सालको दोस्रो जनआन्दोलन तथा राजतन्त्रको अन्त्यपश्चात् नेपालमा स्वास्थ्य क्षेत्रको रूपान्तरणकारी आधारशिला निर्माण भएको थियो । अन्तरिम संविधान-२०६३ को मस्यौदा तयार भइरहेको एवं पहिलोपटक स्वास्थ्यमन्त्री, उपप्रधानमन्त्रीको हैसियतमा कार्यरत रहेको राजनीतिक परिदृश्यले स्वास्थ्य क्षेत्रका नीति निर्माता तथा अभियन्ताको एउटा पुस्ताका लागि स्वास्थ्यलाई मौलिक हकका रूपमा अगाडि बढाउने अनुकूलता सिर्जना गरेको थियो । त्यस बखतका प्रयासको केन्द्रमा रहेका डा. महेश मास्के उक्त क्षण सम्झँदै भन्छन्, “स्वास्थ्यलाई आधारभूत मानवअधिकारका रूपमा स्वीकार्ने एउटा ठुलो समूह पहिले नै तयार भइसकेको थियो । यो नारा ९० को दशकदेखि नै सुरु भइसकेको थियो ।” यसै पृष्ठभूमिमा नि:शुल्क आधारभूत स्वास्थ्य सेवाका लागि १० बुँदे कार्यक्रम घोषणा गरिएको थियो । स्वास्थ्य क्षेत्रको बजेट कूल राष्ट्रिय बजेटको ५ प्रतिशतभन्दा कमबाट बढेर ७.२ प्रतिशत पुगेको थियो ।

‘लागत साझेदारी’ को पुरानो मोडलका कारण लगभग रित्तिइसकेका स्वास्थ्य चौकीमा बिरामीहरू पुन: फर्कन थालेका थिए । परिणामत: यसको नतिजा पनि सकारात्मक देखियो । विश्व बैङ्क समूहको तथ्याङ्कअनुसार त्यसपछिका वर्षहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सुरक्षित मातृत्व कार्यक्रम एवं प्राथमिक स्वास्थ्य पूर्वाधारमा दशकौंदेखि गरिएको लगानीका जगमा नेपालको औसत आयु सन् १९९० को दशकको सुरुमा ५५ वर्ष रहेकोमा २०१६ सम्म आइपुग्दा ६८ वर्ष पुग्यो । मातृ मृत्युदरमा ह्रास आयो । ‘इन्टरनेसनल हेल्थ पार्टनरसिप’ मा नेपाललाई सातमध्ये एक नमुना देशका रूपमा सहभागी हुन आमन्त्रण गरियो ।

तर, यही अवधिमा नेपालको स्वास्थ्य पूर्वाधारमा ठुलो अंशमा वित्त पोषण गर्ने अन्तर्राष्ट्रिय दातृ निकायबिच पनि बहस चलिरहेको थियो । विश्व बैङ्क र जर्मन विकास नियोग ( जीआईजेड) ले आगामी स्वास्थ्य वित्त व्यवस्थापनका लागि ‘बीमा’ मोडलमा अगाडि बढ्न दबाब दिइरहेका थिए । अर्कोतर्फ बेलायती दातृ निकाय (तत्कालीन डीएफआईडी) ले भने आफ्नो देशको सर्वव्यापी स्वास्थ्य सेवा प्रणालीको अनुभवका आधारमा बीमाप्रति सचेत गराएको थियो । बीमा प्रणालीमा ठुलो प्रशासनिक चुनौती, भ्रष्टाचारको उच्च जोखिम र कर्मचारीतन्त्रको ढिलासुस्ती हुने उसको तर्क थियो । “बीमा मोडल अपनाउँदा बिचौलियाहरूको भूमिका यति बलियो हुन्छ कि वास्तविक व्यक्तिहरूमा लक्षित सेवा नपुग्ने अवस्था आउन सक्ने भन्ने उसको मुख्य तर्क थियो,” डा. मास्के स्मरण गर्छन् ।




त्यस समयका लागि नि:शुल्क आधारभूत स्वास्थ्य सेवाको तर्कले नै बहस जित्यो । यसले गाउँका स्वास्थ्य चौकीमा खोप, आधारभूत मातृत्व सेवा र अत्यावश्यक औषधिहरू उपलब्ध गराउन प्रभावकारी भूमिका खेल्यो । तर, यो मोडलले नेपालीहरूलाई निरन्तर मारिरहेको एवं झन् गरिब बनाइरहेको स्वास्थ्य क्षेत्रको गहिरो असमानतालाई सम्बोधन गर्न सक्दैनथ्यो र सकेन पनि । जस्तो: शल्यक्रिया, क्यान्सरको उपचार, लामो समयको अस्पताल बसाइँ वा मधुमेह र उच्च रक्तचापजस्ता दीर्घरोगको उपचारका क्रममा हुने अत्यधिक ठुलो मात्राको स्वास्थ्य खर्चलाई यसले समेट्न सक्दैनथ्यो । जब ग्रामीण परिवारहरूलाई स्वास्थ्य चौकीले उपलब्ध गराउन नसक्ने स्वास्थ्योपचार आवश्यक पर्थ्यो, उनीहरू जिल्ला सदरमुकाम वा ठुला शहरमा उदारवादी अर्थनीतिका कारण तीव्र रूपमा विस्तार भइरहेका निजी अस्पताल धाउन बाध्य हुन्थे । सन् २०२० सम्म आइपुग्दा नेपालको कूल स्वास्थ्य सेवाको करिब ४० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेको थियो । राष्ट्रिय स्वास्थ्य लेखा २०१९/२० का अनुसार कूल स्वास्थ्य खर्चको ५४ प्रतिशतभन्दा बढी हिस्सा नागरिकले आफ्नै खल्तीबाट बेहोर्नु परिरहेको थियो । राज्यले नि:शुल्क उपलब्ध गराउने आधारभूत सेवा र व्यक्तिहरूलाई आवश्यक पर्ने दोस्रो तथा तेस्रो तहको स्वास्थ्योपचार सेवाबिचको खाडल बढ्दै गयो । यही खाडल पुर्ने एउटा औजारका रूपमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमलाई पहिचान गरिएको थियो ।

मुख्य प्रश्न के थियो भने यसको कार्यान्वयन गर्ने कसरी ? डा. मास्के र अन्य विज्ञहरूले दुईतर्फी मोडल प्रस्ताव गरेका थिए: स्थानीय सरकारमार्फत सबैका लागि नि:शुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने र त्योभन्दा माथिल्लो द्वितीय र तृतीय स्तरको उपचारका लागि स्वास्थ्य बीमा प्रणालीको प्रयोग गर्ने । यो कानुनको राजनीतिक अगुवा थिए गगन थापा । २०७३ भदौमा स्वास्थ्य मन्त्रीमा नियुक्त भएपश्चात् २०७४ जेठमा मन्त्रालय छाड्नुअघिसम्म उनले बीमा विधेयकलाई अगाडि बढाए । उनीपछि आएका मन्त्री गिरिराजमणि पोखरेलको कार्यकालमा २०७४ को असोजमा संसद्ले यसलाई पारित गर्‍यो । यो संरचनालाई २०७६ को राष्ट्रिय स्वास्थ्य नीतिमा पनि समावेश गरियो । ऐनमा धेरै सराहनीय प्रावधान थिए– वार्षिक आम्दानीका आधारमा बीमा शुल्क रकम (प्रिमियम) निर्धारण गर्ने, सबै नागरिकका लागि अनिवार्य आबद्धता, विपन्नलक्षित सहुलियत र अनुदान तथा बीमा कार्यक्रम सञ्चालन गर्न एउटा स्वायत्त स्वास्थ्य बीमा बोर्ड । कागजमा यो नीति उत्कृष्ट थियो । समस्या कानुनमा थिएन, बरु सरकारले यसलाई कार्यान्वयन नै नगर्नुमा थियो ।

**कार्यान्वयनमा असफलता**

स्वास्थ्य बीमा ऐनको दफा ७ (१) मा उल्लेख गरिएको छ, “स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम, सह-भुक्तानी तथा भुक्तानीसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ । तर योगदान रकम वार्षिक आय समेतको आधारमा तोकिनेछ ।” यो केवल सुझाव मात्र थिएन, कानुनी बाध्यता थियो । डा. मास्के मस्यौदा तयार गर्दा यो बुँदाका लागि आफूले अडान लिएको स्मरण गर्छन् । उनी भन्छन्, “सडकमा ज्यालादारी, निमेक गर्ने मजदुरले पनि ३,५०० तिर्ने र मैले पनि ३,५०० नै तिर्ने कुरा न्यायोचित छैन । म सजिलै १० वा १५ हजार तिर्न सक्छु ।” अन्तर्वार्ताका क्रममा अधिकांश स्वास्थ्य विज्ञहरूले यस्तै धारणा व्यक्त गरे । संसदीय समीक्षापछि पनि यो प्रावधान ऐनमा कायमै रह्यो र कानुन बन्यो । मास्के र उनको टोलीले परिवारको आर्थिक अवस्थाअनुसार स्वत: बीमाको तह निर्धारण गरी परिवारलाई आबद्ध गर्ने गरी रातो, नीलो र पहेँलो रङका गरिब परिवार परिचयपत्रको परिकल्पना गरेका थिए । तर, जब स्वास्थ्य बीमा बोर्डले नियमावली बनाउन थाल्यो, उसले एउटा यस्तो समस्याको सामना गर्‍यो, जसको समाधान सम्भवत: कसैसँग थिएन । त्यो हो, नेपालका अधिकांश श्रमशक्ति अनौपचारिक अर्थतन्त्रमा स्वरोजगार हुनु । “उनीहरूको आम्दानी के कति हो ? उनीहरू कसरी बाँचिरहेका छन् ?”

मास्के प्रश्न गर्छन् । बहुसङ्ख्यक जनसङ्ख्याको न त राष्ट्रिय आम्दानीको अभिलेख छ, न भरपर्दो करको विवरण नै । गरिब घरधुरी पहिचान गर्ने समानान्तर अभियान पनि २६ जिल्लामा पुगेपछि अलपत्र पर्‍यो । विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) मा तीन दशक बिताएका र सरकारको २०८० को स्वास्थ्य बीमा सुधार सुझाव समितिका संयोजकसमेत रहेका डा. शम्भुप्रसाद आचार्य भन्छन्, “को गरिब हो र को होइन भनेर छुट्याउनु नै कठिन कार्य भयो ।”

कार्यक्रम सुरु गर्नुपर्ने दबाबका बिच जनसङ्ख्याको आय अवस्थाबारे बुझ्ने तथ्याङ्कीय संरचनाको अभावमा बोर्डले आम्दानीका आधारमा वर्गीकरण गर्नुको सट्टा सबैका लागि एउटै दर कायम गरिदियो– सुरुमा प्रतिपरिवार २,५०० रूपैयाँ र पछि बढाएर ३,५०० रूपैयाँ । यसमा न आम्दानी प्रमाणीकरणको व्यवस्था थियो, न कुनै मापकीय मापदण्ड नै र यो रकम न त कुनै सार्वजनिक वैज्ञानिक बीमाङ्कीय तथ्याङ्क विश्लेषणमा नै आधारित थियो । कानुनमा भएको उपरोक्त व्यवस्था व्यवहारत: कहिल्यै लागू गरिएन । मास्के यसलाई कार्यान्वयनको असफलता मान्छन् भने डा. आचार्यले “कसैले पनि यसलाई गम्भीरतापूर्वक नलिएको” बताउँछन् । आचार्यको समितिले पछि ७,००० देखि १५,००० सम्मको योगदान रकम प्रस्ताव गरेको थियो । यसले पूर्ण तथ्याङ्क नहुँदा पनि कानुनी आवश्यकतालाई केही हदसम्म सम्बोधन गर्न सक्थ्यो । तर, यस्तो पूर्वाधार निर्माण गर्नका निम्ति एक जना यस्तो स्वास्थ्य मन्त्रीको आवश्यकता थियो जो काम पूरा नभएसम्म पदमा रहिरहन सकोस् । डा. आचार्य भन्छन्, “२५ वर्षमा २७ जना स्वास्थ्य मन्त्री फेरिए । यहाँ न संस्थागत स्मृति छ, न त निरन्तरको राजनीतिक प्रतिबद्धता नै ।” आज सुकुमायाले त्यही ३,५०० रूपैयाँ तिरिरहेकी छन् जुन सायदै कहिल्यै सरकारी अस्पतालमा पाइला टेक्नुपर्ने काठमाडौंका सम्पन्न परिवारले तिरिरहेका छन् । यो समता होइन, बरु स्वास्थ्यको अधिकारका लागि गरिबमाथि लगाइएको अतिरिक्त कर हो ।

*(थापा जनस्वास्थ्य अनुसन्धाता हुन् । अमेरिकास्थित हार्वर्ड विश्वविद्यालयको ब्रिघम एण्ड विमन्स अस्पतालमा आवासीय चिकित्सा सुरु गर्न लागेका उनी काइजर पर्मानेन्टे स्कूल अफ मेडिसिनबाट डक्टर अफ मेडिसिन पूरा गर्दैछन् ।)*

***– हिमाल खबर डटकमबाट***

बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं।

- ❖ लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- ❖ बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- ❖ बालबालिकाको संगतमा ध्यान दियौं,
- ❖ लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- ❖ बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- ❖ बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- ❖ विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- ❖ बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# सिलाइ, हेयर कटिङ तथा पाक शिक्षा तालिमको समापन तथा प्रमाणपत्र वितरण

भक्तपुर, १६ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भएको ६ महिने आधारभूत सिलाइ, एड्भान्स सिलाइ, हेयर कटिङ तथा पाक शिक्षा तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम सोमबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा भनपाका नगर प्रमुख सुनिल प्रजापतिले परिश्रम नै सफलताको आधार भएको उल्लेख गर्दै "परिश्रमको फल सधैं मीठो हुन्छ; सफल बन्न समय लाग्छ । असफल हुनसक्छ र असफलताबाट नै ज्ञान प्राप्त हुन्छ" भन्नुभयो ।



उहाँले युवाहरूले सीप तथा भाषाको ज्ञान हासिल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सीप भएका व्यक्तिहरू कहिल्यै बेरोजगार नहुने उल्लेख गर्दै भक्तपुर नगरपालिकाले गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राथमिकता दिँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा कार्यपालिका सदस्य रोशनमैँया सुवालले तालिमपछि आफूले प्राप्त सीप व्यवहारमा प्रयोग गर्नुपर्नेमा जोड दिँदै सरकारी कार्यक्रम कार्यान्वयनमा विभिन्न चुनौती हुने गरेको बताउनुभयो । उहाँले देशमा बेरोजगारी बढ्दै जाँदा युवाहरू बिदेसिन बाध्य भएको उल्लेख गर्दै प्रत्येक युवाले कम्तीमा एउटा सीप सिक्नैपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वडा सदस्य सुमित्रा बोहजुले तालिमबाट सिकेको ज्ञानलाई व्यवहारमा लागू गर्दै निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा आधारभूत सिलाइ तालिमका प्रशिक्षक धर्मलक्ष्मी लघु, पाकशिक्षा तालिमका प्रशिक्षक विष्णु श्रेष्ठ तथा प्रशिक्षार्थीको तर्फबाट एड्भान्स सिलाइ तालिमका प्रशिक्षार्थी चिरीमाया लाखाजुले पनि आ-आफ्ना अनुभव तथा विचार राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

प्रवचन कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिकाको आयोजनामा ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा हुने सहकारीसम्बन्धी प्रवचन कार्यक्रममा संस्थाबाट सञ्चालक प्रतिनिधि एक र कर्मचारी एक गरी दुई जना निम्न मिति, समय र स्थानमा सहभागिताको लागि अनुरोध गरिन्छ ।

कार्यक्रम
**मिति** : २०८२।१२।२० गते शुक्रबार
**समय** : दिनको १:०० बजे
**स्थान** : भ.न.पा. सभाकक्ष, ब्यासी

# एमाले अध्यक्ष ओलीको बन्दीप्रत्यक्षीकरण रिटमा कारण देखाउ आदेश

काठमाडौँ, १६ चैत । सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई थुनामुक्त गर्न माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा कारण देखाउ आदेश जारी गरेको छ ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले सोमबार सो रिट निवेदनमा आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ ।

आदेशमा भनिएको छ, "यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू ।"

अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) को प्रतिकूल जरूरी पक्राउ पुर्जी जारी भएको भन्ने निवेदकका तर्फबाट बहस पैरवी गर्न उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू तथा अधिवक्ताहरूले तर्कपूर्ण बहस गर्नुभएको हुँदा निवेदकलाई जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्ने उल्लिखित दफाको पूर्वावस्था रहे नरहेको के हो प्रत्यर्थीहरूबाट जवाफ आउने गरी लिखितजवाफ पेस गर्न लगाउनु भनेको छ ।

सुनुवाइको दिन कार्की आयोगको छानबिन प्रतिवेदनसमेतको अनुसन्धानको मिसिल इजलाससमक्ष देखाई फिर्ता लाने गरी मगाउन भनिएको छ । अध्यक्ष ओलीको पत्नी राधिका शाक्यले आइतबार गैरकानुनी थुनामा राखिएकोले थुनामुक्त गर्न माग गर्दै बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो ।

सो रिट निवेदनमा भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा पक्राउ गर्नु र थुनामा राख्नु गैरकानुनी भएको उल्लेख गरिएको थियो ।

हार्दिक समवेदना



यस संस्थाको सदस्यता नं १२५० का सदस्य **विष्णुकेशरी सुवाल**को असामयिक निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म** : २०२३।१२।२१
**निधन** : २०८२।११।२९

भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भनपा-९

हार्दिक श्रद्धाञ्जली

जन्म
२०१५/०१/१७



निधन
२०८२/१२/१४

कृष्णभक्त जाकिबन्जार

हाम्रा मिलनसार मित्र कृष्णप्रसाद जाकिबन्जारका पूजनीय पिता **कृष्णभक्त जाकिबन्जार** को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

| | | |
|---|---|---|
| केदार कुसी | सुरेश बिरबल | अनिल बासुकला |
| रोशन बाग | सानू राजा त्यात | दिनेश गनेजु |
| सुरेन्द्र सुवाल | बिष्णु प्रसाद पन्च | निरोज कोजु |
| राजु त्वाती | राजा राम सुवाल | रबिन छेतला |
| राज सिमाछ्वा वाङ्गायो | श्रीकृष्ण छुस्याकी | दिपक थिमी |
| बिकल बोहजु | अनिल माक | जीवन लाखे |

सिद्धि गणेश कर्नर
हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

ज्येष्ठ सदस्य सम्मान कार्यक्रमका गतिविधि




ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें ज्यू संस्थाका अध्यक्ष रुद्र नारायण लाखाबाट मायाको चिनो ग्रहण गर्नुहुँदै र कार्यक्रममा सम्मानित जेष्ठ सदस्यहरु ।




कार्यक्रममा प्रमुख अतिथि ज्यू ज्येष्ठ सदस्यहरुलाई सम्मान गर्नुहुँदै र डा. रत्नसुन्दर लासिवा ज्येष्ठ सदस्यहरुको स्वास्थ्य परिक्षण गर्नुहुँदै ।




कार्यक्रममा ज्येष्ठ सदस्यहरुको मुटु परिक्षण (इसिजी र इको परिक्षण सहित) गर्नुहुँदै डा. किसन कुमार कुशवाहा तथा ज्येष्ठ सदस्यहरुलाई नि:शुल्क औषधि वितरण गर्दै स्वास्थ्यकर्मी ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
ACCESS BRONZE
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा